# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३४१ | काठमाडौं | शुक्रबार, २७ चैत २०८२ | Prabhab National Daily | Friday, 10 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

## उपसभामुख बन्दै जेन-जी रुबीकुमारी

■ प्रभाव संवाददाता



**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थन पाएसँगै श्रमसंस्कृति पार्टीकी जेन-जी सांसद रुबीकुमारी ठाकुर उपसभामुख बन्ने पक्का भएको छ। आज हुने उपसभामुखको निर्वाचनमा २५ वर्षीया रुबीकुमारीलाई रास्वपाले समर्थन गर्ने भएको हो।

रास्वपाका प्रवक्ता मनिष झाले उपसभामुखमा रुबीकुमारीलाई समर्थन गर्ने जनाएको हो। उपसभामुखको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सरस्वती लामा रुबीकुमारीको प्रतिस्पर्धी छिन्।

लामाको प्रस्तावकमा ज्ञानबहादुर शाही तथा समर्थकमा ताहिर अलि भाट, खुस्बु ओली र भरत गिरी रहेका छन् भने ठाकुरको प्रस्तावकमा आरेन राई तथा समर्थकमा अशोककुमार चौधरी र अम्बिकादेवी संग्रौला रहेको संघीय संसद् सचिवालयले जनाएको छ। समर्थक चौधरी रास्वपा सांसद हुन्। योसँगै रुबीकुमारी उपसभामुख बन्ने पक्कापक्की भएको हो।

रुबीकुमारीले आफूलाई रास्वपाले 'सरप्राइज' समर्थन दिएको उल्लेख गर्दै पद सम्हाल्न सक्षम भएको बताएकी छन्। 'देशलाई सेवा गर्छु, सधैँ साथ दिनेछु,' उनले बिहीबार भनिन्। समानुपातिकबाट सांसद बनेकी धनुषाकी रुबीकुमारी यसअघि कन्सल्टेन्सीमा काम गर्थिन्।

संविधानतः सभाको सभामुख र उपसभामुखमा फरक राजनीति दल र फरक लिंगबाट प्रतिनिधित्व हुने व्यवस्था रहेको छ।

⏭ क्रमशः पृष्ठ २ मा

## पूर्वसभामुख महराविरूद्ध विशेष अदालतमा मुद्दा

■ प्रभाव संवाददाता



**काठमाडौं–** पूर्वसभामुख कृष्णबहादुर महरविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाट इलेक्ट्रिक सिगरेट (भेप) भित्र अवैध सुन राखी सुन तस्करी गरेको प्रकरणमा महरासहित २९ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।

आयोगले महरासँगै विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेल, प्रमुख भन्सार अधिकृत मुक्तिप्रसाद श्रेष्ठ, प्रमुख भन्सार अधिकृत अम्बिकाप्रसाद खनाल, भन्सार अधिकृतहरू रमेशकुमार खतिवडा र सुवेन्द्र श्रेष्ठ, नायब सुब्बाहरू सुवर्णाप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोईराला, रेवन्त खड्का र मधुसुदन पोखेलविरुद्ध मुद्दा दायर गरेको हो।

सोही प्रकणमा 'राहुल' भन्ने रेशम महरा, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, राम केशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरुङ, प्रेरणा थापा, ललिता थापा, दिपिका थापा, चिनियाँ नागरिक ली हाङ सोङ र दाओजिङ वाङ, बेल्जियम नागरिक दावा छिरिङ र भारतीय नागरिक साहेव रावविरुद्ध मुद्दा दायर भएको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए। राहुल पूर्वसभामुख महराका छोरा हुन्।

आयोगले जनही सात करोड ७८ लाख ६८ हजार ९५ रूपैयाँ १० पैसा बिगो मागदाबीसहित मुद्दा दायर गरेको हो। २०७९ पुस १० मा फ्लाई दुबईबाट चिनियाँ नागरिक लि हाङ सोङले २ वटा सुटकेस ल्याएकोमा त्यसभित्र ७३ वटा बट्टामा ७३० वटा भेप भेटिएको थियो।

⏭ क्रमशः पृष्ठ २ मा

## गृहमन्त्री गुरुङले 'काउन्ट' गरेकामध्ये ६ भिआइपी हिरासतमुक्त



राज्य आफैं आतंक फैलाउने, अराजकतामा रमाउने भयो भने त्यसले राम्रो गर्दैन। आरोप लाग्दैमा पक्राउ गर्दै हिँड्ने हो भने कोही बाँकी रहला र ?

■ **हेमन्त मल्ल**
पूर्व डीआईजी



कसैलाई आरोप लाग्यो भने प्रहरीले अनुसन्धान गर्नुपर्छ। त्यस क्रममा सबुत प्रमाण र सोधपुछ गर्दा आरोप प्रमाणित हुने अवस्थामा पक्राउ गर्नुपर्छ तर अहिले आरोप लाग्यो कि क्यापभ्याप गर्न थालियो

■ **भविश्वर गुरुङ**
वरिष्ठ अधिवक्ता



- एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखक, काठमाडौंका पूर्वसीडीओ छवि रिजाल, शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल, एमाले लुम्बिनी प्रदेशकी पूर्वसांसद रेखा शर्मा र सन लाइफ इन्स्योरेन्सका सीईओ राजकुमार अर्याल हिरासतमुक्त
- प्रमाण जुटाउ, पछि पक्राउ भन्ने विधिशास्त्रीय मान्यताको धज्जी
- प्रमाण जुटाउन अक्षमपछि अदालत रिहा गराउँदै आरोपीहरु

■ जेबी योञ्जन

**काठमाडौं–** विधिशास्त्रले भन्छ- 'पहिले प्रमाण जुटाऊ अनि पक्राउ।' कानुनका जानकारहरूका अनुसार नेपाल प्रहरी 'पहिले पक्राउ, पछि प्रमाण जुटाऊ'मा सक्रिय छ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी यो विधिशास्त्रको मूल्य मान्यताविपरीत भइरहेको बताउँछन्। उनको भनाइमा यसो गरिँदा बलियो सबुत प्रमाण अभावमा आरोपीलाई अदालतले साधारण तारेखमा, धरौटीमा वा जमानीमा रिहा गरिदिन सक्छन्।

नभन्दै हालैका दिनमा ६ जना 'हाइप्रोफाइल' हिरासतमुक्त भए। पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली, उनको सरकारमा गृहमन्त्री रहेका कांग्रेस नेता रमेश लेखक बिहीबार रिहा भए। सन लाइफ नेपालका प्रमुख कार्यकारी अधिकृत (सीईओ) राजकुमार अर्याल, एमालेको लुम्बिनी प्रदेशकी पूर्वसांसद रेखा शर्मा र शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल रिहा भए। जेन-जी विद्रोहको बेला काठमाडौंका प्रमुख जिल्ला अधिकारी रहेका सहसचिव छवि रिजाल पक्राउ परेकै दिन रिहा भए।

वरिष्ठ अधिवक्ता भविश्वर गुरुङ भन्छन्, 'कसैलाई आरोप लाग्यो भने प्रहरीले अनुसन्धान गर्नुपर्छ। त्यस क्रममा सबुत प्रमाण र सोधपुछ गर्दा आरोप प्रमाणित हुने अवस्थामा पक्राउ गर्नुपर्छ तर अहिले आरोप लाग्यो कि क्यापभ्काप गर्न थालियो।'

पर्याप्त प्रमाण अभावमा मुद्दा कमजोर हुने र त्यसपछि अदालतले रिहा हुने सम्भावना बढी हुने बताउँछन्।

ओली र लेखक पक्राउ परेको १३ औं दिनमा रिहा भएका हुन्। भलै, दुवै नेता अनुसन्धानको दायरामा छन्। अनुसन्धानमा आवश्यक परेको बेला दुवै प्रहरीसामु उपस्थित हुनुपर्छ। लेखक रिहा भएर घर गए भने ओली प्रतिकूल स्वास्थ्य अवस्थाका कारण त्रिवि शिक्षण अस्पतालमै छन्।

दुई नेताको पक्राउ जेन-जी विद्रोहको क्रममा १९ जना नवयुवाको ज्यान जानुमा उनीहरूको हेल्चेक्र्याइँ जिम्मेवार रहेको भन्दै कार्की आयोगले ज्यान मुद्दामा अनुसन्धान गर्नू भन्दै गरेको सिफारिसको आधारमा हो। ओली र लेखकका कानुन व्यवसायीहरूले गैरकानुनी रूपमा पक्राउ गरेको दाबी गर्दै घटनास्थलमा ओली र लेखक नभएको हुनाले उनीहरू घटनामा जिम्मेवार हुन नसक्ने जिकिर गर्दै रिहाको माग गरेका थिए। सर्वोच्च अदालतले रिट निवेदकहरूको माग बमोजिम रिहा गर्न आदेश दियो भने म्याद नथप्न परमादेश दियो। शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल २० चैतमा सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका थिए।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## श्रीमतीको जागिर जोगाउन खोज्दा आफै पदमुक्त भए श्रममन्त्री साह

### चैत १३ गते शपथ, चैत २६ गते बर्खास्त

- स्वास्थ्य बीमा बोर्डको सदस्यबाट निलम्बनमा परेकी आफ्नी श्रीमती जुनु श्रेष्ठलाई सोही पदमा पुन सक्रिय गराउन सत्ताको शक्ति प्रयोग गराएपछि मन्त्री साह विवादमा तानिएका थिए
- सभापति रवि लामिछानेले बिहीवार प्रधानमन्त्री वालेन्द्र शाहलाई पत्राचार गर्दै श्रममन्त्री साहलाई जिम्मेवारीबाट अलग गर्न सिफारिस गरेसँगै उनी पदमुक्त भएका हुन्
- साह पदमुक्त भएसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री शाहले नै सम्हाल्ने भएका छन्



■ ममता थापा

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह जिम्मेवारी सम्हालेको १३ दिनमै पदमुक्त भएका छन्। साहले पदीय मर्यादाको दुरूपयोग गरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी विधानमा भएको जिम्मेवारीबाट फिर्ता बोलाउन सकिने (राइट टू रिकल)को प्रावधान प्रयोग गर्दै मन्त्री साहलाई पदमुक्त गरेको हो।

स्वास्थ्य बीमा बोर्डको सदस्यबाट निलम्बनमा परेकी आफ्नी श्रीमती जुनु श्रेष्ठलाई सोही पदमा पुन निरन्तरता दिन सत्ताको शक्ति प्रयोग गराएपछि मन्त्री साह विवादमा तानिएका थिए। २०८० सालमा नियुक्त भएकी श्रेष्ठ बोर्डको बैठकमा ११ पटकसम्म उपस्थित नभएपछि स्वतः निलम्बित भएकी थिइन्। रास्वपाको केन्द्रीय अनुशासन आयोगले साहको यो हर्कतविरुद्ध आवश्यक कारवाही अघि बढाउन चैत २५ गते पार्टी सभापति रवि लामिछानेलाई सिफारिस गरेको थियो। सभापति लामिछानेले बिहीवार प्रधानमन्त्री वालेन्द्र शाहलाई पत्राचार गर्दै श्रममन्त्री साहलाई जिम्मेवारीबाट अलग गर्न सिफारिस गरेसँगै उनी पदमुक्त भएका हुन्।

रास्वपाको विधानको धारा २५को (४) (क)ले पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउन नदिन जिम्मेवारी सुम्पिएको छ भने पदको दुरूपयोग भएको अवस्थामा विधानको धारा ६९मा भएको 'राइट टू रिकल'को व्यवस्था प्रयोग गरिने भनिएको छ। रास्वपाले सांसदहरूको अभिमुखीकरणमा समेत पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउने काम गरे त्यस्ता मन्त्री या सांसदलाई तुरुन्तै फिर्ता बोलाइने चेतावनी दिएको थियो। यो प्रकरणमा आफ्नो विभागीय मन्त्रीको हिसाबले गम्भीरता नदेखाएको भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहतालाईसमेत सचेत गराएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

**एजेन्सी तथा विज्ञापनदाताहरुमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरुरी सूचना !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरुमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरुका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

### गृहमन्त्री गुरुङले...

भोलिपल्टै उनी अदालतको आदेशअनुसार छुटे । आफ्नै घरमा रहेकी एक बालिकालाई कुटपिटजस्ता दुर्व्यबहार गरेको आरोप लागेकी लुम्बिनी प्रदेशको पूर्वएमाले सांसद रेखा शर्मा पनि १६ चैतमा पक्राउ परिन् भने २२ चैतमा रिहा भइन् । रेखाविरुद्धको मुद्दा त यसअघि सरकारी वकिल कार्यालय काठमाडौंले नचल्ने निर्णय गरेको थियो । तर, प्रधानमन्त्री वालेन्द्र शाह बालेन भएपछि उनकै दबाबमा प्रहरीले रेखालाई पक्राउ गर्‍यो । कतिसम्म भने प्रहरीलाई कसरी मुद्दा चलाउँ भन्ने सकस परेको थियो । यस्तोमा अदालतले उनलाई हिरासतमा राखेर अनुसन्धान नगर्न भन्दै रिहा गर्न आदेश दियो ।

नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल आरोप लाग्दैमा पक्राउ गरेर आरोपीलाई हिरखासतमा लिनु फौजदारी कानुनको मर्मविपरीत हुने बताउँछन् । उनले राज्य आतंक सिर्जना गर्ने तहमा पुगेको भन्दै यसप्रति चिन्तासमेत प्रकट गरे । यस्तो कार्यले अराजकता र स्वेच्छाचारिता मौलाउने उनको भनाइ छ ।

'राज्य आफैं आतंक फैलाउने, अराजकतामा रमाउने भयो भने त्यसले राम्रो गर्दैन,' उनले भने, 'आरोप लाग्दैमा पक्राउ गर्दै हिँड्ने हो भने कोही बाँकी रहला र ? '

बालेन सरकारमा विगतमा 'कसैलाई छोड्दिनँ' भन्ने सुधन गुरुङ गृहमन्त्री छन् । बालेन प्रधानमन्त्री र सुधन गृहमन्त्री भएकै दिन १३ चैतमा जेन-जी विद्रोहसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने, भ्रष्टाचार, तस्कर, बिचौलियाजस्ता अनेकन भूमिकामा संलग्नताको आरोपीहरूलाई पक्राउ गर्न ठूलो अभियान चलाउने निर्णय गर्‍यो । ओली र लेखकपछि हालसम्म सयौं पक्राउ परिसकेका छन् । यद्यपि गृहमन्त्री गुरुङले आफ्नो सामाजिक सञ्जालमा '१०' सम्म काउन्ट गरेका थिए । कतिसम्म भने जाहेरी बिना पनि पक्राउ गरिएको छ । हाँस्यकलाकार सागर लम्साल 'बले' बलात्कारसम्बन्धी आरोपमा पीडित भनिएकी युवतीले जाहेरी नदिइकन स्टाटस लेखेकै आधारमा पक्राउ परे । उनै बलेविरुद्ध यतिबेला बलात्कारसम्बन्धी कसुर होइन कि सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान गरिरहेको छ । यसले सरकार पक्राउ अभियान चलाएर आतंक फैलाउने र विधिको शासनको धज्जी उडाउने दिशामा पुगेको पूर्वडीआईजी मल्लको टिप्पणी छ ।

■ ■ ■

### उपसभामुख बन्दै...

गत फागुन २१ गतेको निर्वाचनपछि भएको प्रतिनिधिसभाको पहिलो अधिवेशनअन्तर्गत यही चैत २२ गतेको बैठकबाट सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित भएका छन् । सभामुखमा अर्याल चयन भएसँगै रुबीकुमारीले उपसभामुखमा अवसर पाउन लागेकी हुन् ।

योसँगै राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको दुवै सदनको चालु अधिवेशन चैत २७ गते शुक्रबार राति १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्ने निर्णय गरेका छन् । नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को यही चैत २४ गतेको निर्णय र सिफारिसमा अधिवेशन अन्त्य गर्ने निर्णय गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । यही चैत १९ गतेदेखि दुवै सदनको अधिवेशन प्रारम्भ भएको थियो ।

■ ■ ■

### पूर्वसभामुख...

भेपभित्र सुन लुकाइछिपाइ ल्याएको र त्यसको तस्करीमा भन्सारका कर्मचारीहरूले मिलेमतो गरेको अख्तियारको आरोप हो । शंकास्पद देखिएको मालवस्तुको भौतिक रूपमा पनि जाँच गर्नुपर्नेमा तस्करहरूसँगको मिलेमतोमा जाँच नै नगरेको अख्तियारको आरोप छ । बरामद गरिएको सामान गोदाममा बन्द गरी राख्नुपर्नेमा गलत मनसायले प्रमुख भन्सार अधिकृतको कार्यकक्षमा राखेको र सुन छुटाउने समूहका व्यक्तिहरूसँग अस्वभाविक भेटघाट र फोन सम्पर्क गरेको भनी अख्तियारले उनीहरूमाथि मुद्दा चलाएको हो ।

शंकास्पद वस्तु करिब १९ दिन भन्सारमा राखेर त्यसपछि मात्रै मुद्दा तथा लिलामी शाखामा पठाएको भन्दै अख्तियारले पछि सामग्री परिवर्तन गर्ने बदनियतले सीसीटीभीको कभरेज नभएको ठाँउमा सारेको आरोप लगाएको छ । अख्तियारले भन्सारका कर्मचारीहरूमाथि भ्रष्टाचारको आरोप लगाएको छ भने पूर्वसभामुख महरा, उनका छोरा राहुल लगायतमाथि मतियारको आरोप लगाएको छ ।

■ ■ ■

### श्रीमतीको जागिर...

मन्त्री साहले गत चैत १३ गतेमात्र पद तथा गोपनीयताको शपथ लिएका थिए । त्यसो त साह मन्त्री नियुक्त भएदेखि नै नौ वर्ष अगाडिको प्रकरणका कारण विवादमा तानिएका थिए । एमबिबिएस पास गराइदिने भन्दै एक जनाबाट रकम असुल गरेको भन्दै ठगीको आरोपमा तत्कालीन वल्ड वाइड कन्सलटेन्सीका सञ्चालक रहेका दिपककुमार साह २०७३ असोज १६ गते पक्राउ परेको तथ्य सार्वजनिक भएको थियो । अघिल्लो हप्ता मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा यसबारे सोधिएका प्रश्नमा उनी पन्छिएका थिए

साह पदमुक्त भएसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री शाहले नै सम्हाल्ने भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले श्रम मन्त्रालयको कार्यभार प्रधानमन्त्रीलाई नै तोकेसँगै मन्त्रीपरिषद्मा अब १४ सदस्यमात्र कायम भएका छन् ।

#### के-के भयो १३ दिने कार्यकालमा ?

श्रम क्षेत्रबारे ज्ञान नभएको भनिएका निवर्तमान मन्त्री साहले झण्डै दुई हप्ताको अवधिमा वैदेशिक रोजगारीको क्षेत्रमा केही महत्वपूर्ण निर्णय भने गरेका छन् । कानूनमा भएर पनि कार्यान्वयनमा नआएको फ्रि-भिजा, फ्रि-टिकटको प्रावधानलाई कार्यान्वयनमा ल्याउने उनको तयारी थियो । दश वर्षभन्दा बढी समयसम्म निश्क्रिय रहेको दश हजार सेवा शुल्कको प्रावधानमा कडाइ गर्न निर्देशन दिएसँगै वैदेशिक रोजगार व्यवसायमा हलचल मच्चिएको अवस्था छ । म्यानपावर व्यवसायीलाई श्रमिकबाट लिएको हिसाब वैदेशिक रोजगार विभागमा बुझाउन पत्राचार गरिसकिएको छ भने विमानस्थलमा श्रमिकसँग लिएको रसिद जाँच गर्ने तयारी भइरहेको थियो । उनले वैदेशिक रोजगारीमा जाने कामदारलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई निःशुल्क बनाउन आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए । जसअनुसार तालिमको पाठ्यक्रमको श्रव्यदृश्य सामग्री बनाइ श्रमिकलाई निःशुल्क अभिमुखीकरण दिने व्यवस्था मिलाउन वैदेशिक रोजगार बोर्डले आवश्यक काम गरिहेको छ ।

पदमुक्त भएका मन्त्री साहले रोजगारीमा जाने श्रमिकले सरकारी स्वास्थ्य संस्थाबाट समेत स्वास्थ्य परीक्षण गर्न पाउने व्यवस्था गर्न सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरूलाई सूचीकरण हुन आह्वान गरिसकेको छ । विगतमा सुस्ताएको वैदेशिक रोजगार विभागले पनि यस अवधिमा थप सक्रिय भएको पाइन्छ । पछिल्लो समय विभागबाट टोकन प्रणाली हटेर आवेदन दिएकै दिन श्रम स्वीकृति दिन थालिएको छ । त्यस्तै, बिचौलियालाई विभाग प्रवेशमा कडाइ गरिएको छ भने विदेशमा अलपत्र परेकाहरूको उद्धारमा गैरसरकारी संस्था या व्यक्तिलाई निषेध गर्ने विभागले जनाएको छ । त्यस्तै, अभिमुखीकरण तालिमको शुल्क सात सयभन्दा बढी लिने संस्था खारेज गर्ने, वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठगी गर्नेहरूको विवरण सार्वजनिक गर्ने लगायतका काम विभागबाट भएका छन् ।

## तीन विश्वविद्यालयबीच प्राज्ञिक सहकार्य समझदारी

**कञ्चनपुर (प्रस)**– तीन विश्वविद्यालयबीच प्राज्ञिक सहकार्य गर्न समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालयमा त्रिभुवन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयबीच अध्ययन अनुसन्धान र प्राज्ञिक सहकार्यका लागि बुधबार त्रिपक्षीय समझदारी भएको विश्वविद्यालयका सूचना अधिकारी नवीनबहादुर बमले जानकारी दिए । उनका अनुसार विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा तीनै विश्वविद्यालयका उपकुलपतिहरूले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्त, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्याल र मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा ध्रुवकुमार गौतमले सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् ।

कार्यक्रममा सुदूरपश्चिम विश्वविद्यालयका रजिस्ट्रार प्राडा विनोद लेखकले समझदारीले विश्वविद्यालयबीचको सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरे । 'उच्च प्राज्ञिक जनशक्तिको अभावलाई डिजिटल माध्यमबाट पूर्ति गर्दै दक्ष जनशक्ति व्यवस्थापनमा यो सम्झौता कोशेढुंगा सावित हुन्छ,' उनले भने, 'यो समझदारीले शिक्षक तथा विद्यार्थीहरूको अध्ययन र अनुसन्धान कार्यलाई थप सहज र प्रभावकारी बनाउने अपेक्षा गरेका छौं ।' तीन विश्वविद्यालयबीच शैक्षिक स्रोत, अनुसन्धान, प्रविधि र अनुभव आदानप्रदानलाई संस्थागत गर्ने लक्ष्य राखेको छ ।

विशेषगरी 'डिजिटल प्लेटफर्म'मार्फत संयुक्त कक्षा सञ्चालन, अनुसन्धान सहकार्य र प्राध्यापकहरूको साझा उपयोगजस्ता कार्यक्रम अघि बढाइने छ । यो सहकार्यले उच्च शिक्षामा गुणस्तर वृद्धि, स्रोतको प्रभावकारी उपयोग तथा आधुनिक प्रविधिमा आधारित शिक्षण प्रणालीको विकासमा महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको विश्वविद्यालयले जनाएको छ ।


**मलेसियामा रोजगार** कम्पनी : WIN WASH ENTERPRISE

पूर्व स्वीकृति मिति : २०८२/१२/२५ LT. No. 340484 चलानी नं. ६०२५३९०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Boys | 12 | 0 | 1700 | ६३,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ४ गते (17th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RDI Govt. License 539/061/062
Richhood Overseas Inc. Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



**मलेशियामा रोजगार**

1. COMPANY: TANJONG JARA BEACH HOTEL SDN. BHD., MALAYSIA
पुर्व स्विकृति मितिः 2026/04/09 चलानी नं. ६०२५३९१६ LT No. 340469

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 30 | 1700 | 63161 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. COMPANY: SYARIKAT PELANCHONGAN PANKOR LAUT SDN. BHD., MALAYSIA
पुर्व स्विकृति मितिः 2026/04/09 चलानी नं. ६०२५३९१७ LT No. 340470

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 30 | 1700 | 63161 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८३/०१/०४ गते ( 17 April 2026) हुनेछ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पदेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

युनाइटेड एच. आर. सोलुशन प्रा. लि.
बालकुमारी पुल, कोटेश्वर ३५ काठमाडौं, फोनः ५१४७०६१ श्रम इजाजत पत्र नं.: ९५२/०६७/६८



### ३५ दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

२०६८/१२/३० मा दर्ता भएको यस **ग्लोरियस हिमालयन कृषि कम्पनी प्रा. लि.** (प्रा.लि.नं. ९२४३६) लाई मिति २०८२/१२/२३ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २)६३ बमोजिम मिति २०६८/११/२६ मा दर्ता कायम भएको **धनलक्ष्मी कन्सर्न प्रा. लि. (प्रा. लि. नं. ९१३०१/२०६८/०६९)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/०७/१५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**श्री कुमार गुरुङ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं. ५२१ फोन नं. ९८४१८६१६३)**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२७ गते**

यस कम्पनीको मिति २०८२/१२/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **मेची ए.ए.सी ब्रिक उद्योग** (प्रा.लि.नं.१४०६६३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२५ को निर्णयानुसार नाम परिवर्तन गरी **मेची इन्डष्ट्रिज प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२७ गते**

यस कम्पनीको मिति २०८२/११/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार **ओपन कन्सल्टेन्ट एण्ड रिसर्च सेन्टर** (प्रा.लि. नं. ७०१२६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/१९ को निर्णयानुसार नाम परिवर्तन गरी **ल्याण्ड म्याट्रिक्स इन्फ्रा कन्स्ट्रक्सन एण्ड कन्सलटेन्ट प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### हाइड्रो इम्पाएर लि.को सम्बन्धित सरोकारवालालाई जानकारीको लागि प्रकाशित गरिएको सूचना

(प्रकाशित मितिः २०८२/१२/२७)

यस हाइड्रो इम्पाएर प्रा.लि.को मिति २०८२।०९।०३ गते बसेको वार्षिक साधारण सभाको विशेष प्रस्तावद्वारा यस प्रा.लि.लाई लिमिटेडमा परिणत गरि सोही बमोजिमको लि.मा परिणत गर्न स्वीकृत पाँउ भनि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेको निवेदन मुताविक मिति २०८२।१२।२२ को को कम्पनी रजिष्ट्रारको कार्यालयबाट निर्णय भै लिमिटेडमा परिणत भएकोले प्रा.लि.कम्पनीमा भएको सम्पुर्ण दायित्व लिमिटेड कम्पनीमा स्वत सर्ने हुँदा र अव उप्रान्त सम्पुर्ण कारोबार हाइड्रो इम्पाएर लिमिटेडबाट गरिने हुँदा सोही अनुसारको सम्बन्धित सरोकारवालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले
कम्पनी सचिव


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, २७ चैत, २०८२

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा सुधार आउनेछ । अश्विनिकुमारको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृष** | मन बेचैन रहनेछ । वामनावतार भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **मिथुन** | अनावश्यक झमेलामा फसिनेछ । दुर्गा माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **कर्कट** | प्रसम्शा पाउने योग रहेको छ । भगवान चन्द्रशेखरको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **सिंह** | बेकारको कार्यमा दिन बित्न सक्छ । शिवस्तव स्तोत्रको पाठ गरि अघि बढ्नुहोला । |
| **कन्या** | प्रेममा धोका मिल्न सक्छ । राधा नामको पाठ गरेमा राम्रो हुनेछ । |
| **तुला** | ब्यस्ततामा दिन बित्नेछ । भगवान भोलेबाथको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | क्रोधले विवेक नाश होला । दत्तात्रेय भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला । |
| **धनु** | यात्राको अवसर मिल्नेछ । भगवान गणेशको स्तुति गान गर्नुहोला। |
| **मकर** | मनमा विचारको बाढी आउनेछ । ब्रह्मक्स्हारीणी माताकोको स्मरण गरि दिनको सुरुवात गर्नुहोला । |
| **कुम्भ** | कार्य सफल हुनेछ । सिद्धिविनायकको स्तुति गरि अघि बढ्नुहोला । |
| **मीन** | मन प्रफुल्ल रहनेछ । सीतारामको भक्तिगान गरि दिनको सुरुवात गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ चैत, २०८२ (१० अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४७.८४ | १४८.४४ |
| युरो | १ को | १७३.०८ | १७३.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.०९ | १९९.९० |
| स्विस फ्रैन्क | १ को | १८७.७० | १८८.४६ |
| अस्ट्रेलियन डलर | १ को | १०४.२९ | १०४.७२ |
| क्यानाडियन डलर | १ को | १०६.६७ | १०७.११ |
| सिङगापुर डलर | १ को | ११६.१० | ११६.५७ |
| जापानी येन | १० को | ९.३४ | ९.३८ |
| चिनियाँ युआन | १ को | २१.६५ | २१.७३ |
| साउदी अरब रियाल | १ को | ३९.४० | ३९.५६ |
| कतारी रियाल | १ को | ४०.५५ | ४०.७१ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.२५ | ४०.४२ |
| मलेसियन रिङेट | १ को | ३७.१८ | ३७.३३ |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १६.०३ | १६.१० |
| डेनिस क्रोनर | १ को | २३.१६ | २३.२६ |
| हङकङ डलर | १ को | १८.८८ | १८.९५ |
| कुवेती दिनार | १ को | ४८२.३५ | ४८४.३१ |
| बहराइन दिनार | १ को | ३९१.७३ | ३९३.३२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# दक्षिण एसियामा सार्वजनिक नीति तथा सुशासन विषयक छैटौं सम्मेलन सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'दक्षिण एसियामा सार्वजनिक नीति तथा सुशासन' विषयक छैटौं सम्मेलन सुरु भएको छ । 'रेजिलियन्स एन्ड रिन्युअलः युवा सहभागिता, डिजिटल रूपान्तरण र सांस्कृतिक आख्यानमार्फत सुशासनको पुनः परिकल्पना' भन्ने मूल विषयसहित बिहीवार सुरु भएको सम्मेलन आज समापन हुँदैछ ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नीति फाउन्डेसन, साउथ एसिया इन्स्टिच्युट फर एडभान्स्ड स्टडीज, काठमाडौं विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, नेपाल जन प्रशासन संघ तथा बंगलादेशको नर्थ साउथ युनिभर्सिटीको संयुक्त आयोजनामा आयोजित सो सम्मेलनमा विषयगत छलफल तथा प्रतिष्ठित र उदीयमान विद्वानहरूद्वारा अनुसन्धान प्रस्तुतीकरण हुनेछन् । जसमा जनविद्रोह र सुशासनको भविष्य, प्रत्युत्तरदायी सार्वजनिक प्रशासन, डिजिटल सुशासनका लागि नवप्रवर्तन तथा कृत्रिम बुद्धिमत्ता, संस्कृति, पहिचान र सामाजिक रूपान्तरण, जलवायु तथा विपद् जोखिम, अनुकूलनशील सुशासनका लागि युवा नेतृत्वजस्ता विषयहरू समावेश रहेको जनाइएको छ ।

उक्त कार्यक्रममा "संक्रमणकालमा सरकारका कार्यहरू र सुधार" विषयमा मुख्य वक्तव्य पनि दिइने छ । साथै, 'युवा, विरोध र सार्वजनिक आवाज; तथा नैतिक सुशासनतर्फः सार्वजनिक मूल्य, विश्वास र प्रतिबद्धता' शीर्षकमा दुई प्यानल छलफल हुनेछ । कार्यक्रममा छ वटा प्राविधिक सत्रहरू रहेका छन् भने विभिन्न सत्रमा दक्षिण एसियाका प्रतिष्ठित विद्वानहरूको मुख्य मन्तव्य रहनेछ । दक्षिण एसिया तथा अन्य क्षेत्रका विद्वान, नीति-निर्माता, व्यवहारिक क्षेत्रका विज्ञ तथा उदीयमान अनुसन्धानकर्ताहरूलाई समकालीन सुशासनसम्बन्धी चुनौतीमा सार्थक संवादका लागि एकत्रित गराउनु सम्मेलनको मुख्य उद्देश्य रहेको जनाइएको छ ।

# बागमतीमा सञ्चालित सीपमूलक तालिमको सेवा खरिद प्रक्रियामै फेल !

**काठमाडौं–** बागमती प्रदेशअन्तर्गत प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्द्वारा सञ्चालन गरिएको सीपमूलक तालिम कार्यक्रमको सेवा खरिद प्रक्रियामाथि गम्भीर प्रश्न उठेको छ । सरोकारवाला तालिम प्रदायक संस्थाहरूले प्रेस विज्ञप्ति जारी गर्दै हाल आह्वान गरिएको प्रस्ताव प्रक्रिया पारदर्शिता, निष्पक्षता र प्रतिस्पर्धात्मक सिद्धान्तअनुसार नभएको आरोप लगाएका छन् ।

आर्थिक वर्ष २०८२/०८३ का लागि करिब सात सय जना लाभग्राहीलाई लक्षित गरी इलेक्ट्रोनिक सरकारी खरिद प्रणालीमार्फत इच्छापत्र आह्वान तथा प्रस्ताव आह्वान गरिएको थियो । तर, प्रस्ताव मूल्यांकन र निर्णय प्रक्रियामा अपनाइएको विधि पारदर्शी नभएको, प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकनमा असामान्य अंक वितरण भएको र न्यून लागत प्रस्ताव गर्ने संस्थाहरूलाई बेवास्ता गरिएको आरोप छ ।

सरोकारवालाहरूले प्रस्ताव आह्वान दस्तावेजमा उल्लेख भएअनुसार पूर्व-प्रस्ताव बैठकसमेत आयोजना नगरिएको, मूल्यांकन प्रक्रिया अत्यन्त छोटो समयमा सम्पन्न गरिएको र सीमित संस्थाहरूलाई मात्र अनुकूल हुने गरी कार्यसम्पादन शर्त तथा मूल्यांकनका आधार तयार गरिएको दाबी गरेका छन् । यसले समग्र खरिद प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठाएको उनीहरूको भनाइ छ ।

त्यस्तै, आर्थिक प्रस्ताव खोल्ने प्रक्रियासमेत पारदर्शी रूपमा सम्पन्न नभएको र मूल्यांकनमा संलग्न व्यक्तिहरूबीच सम्भावित स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था रहेको आरोप पनि विज्ञप्तिमा उल्लेख गरिएको छ । परिषद् स्थापनाकालदेखि नै नीतिगत निर्णय तथा खरिद प्रक्रियामा नेतृत्व तहबाट हस्तक्षेप भएको आशंका व्यक्त गर्दै यसले वर्तमान प्रक्रिया समेत प्रभावित भएको सरोकारवालाहरूको भनाइ छ । अर्कोतर्फ, सार्वजनिक सूचना प्रवाहमा समेत कमजोरी देखिएको उल्लेख गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ का लागि प्रकाशित इच्छापत्र आह्वान सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित नभएको र परिषद्को आधिकारिक वेबसाइटमा समेत नदेखिएको दाबी गरिएको छ, जसले खुला प्रतिस्पर्धाको आधारभूत सिद्धान्त प्रभावित भएको जनाइएको छ ।

यसैबीच, 'सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० ' मा रहेको कम्तीमा ७ वर्षको अनुभव र चार हजार जनालाई तालिम दिएको प्रावधानले साना तथा मध्यम तालिम प्रदायक संस्थालाई प्रतिस्पर्धाबाट बाहिर राख्ने जोखिम रहेको भन्दै उक्त प्रावधान पुनरावलोकन गर्नुपर्ने माग पनि उठाइएको छ । सरोकारवाला संस्थाहरूले बागमती प्रदेश सरकारसँग छानबिन समिति गठन गरी सम्पूर्ण खरिद तथा मूल्यांकन प्रक्रियाको अनुसन्धान गर्न, विवादित प्रस्ताव आह्वान प्रक्रिया अस्थायी रूपमा रोक्न, र आवश्यक परे पुनः मूल्यांकन गर्न माग गरेका छन् । साथै, भविष्यमा यस्ता समस्या दोहोरिन नदिन खरिद प्रक्रिया र तालिम व्यवस्थापन प्रणालीमा नीतिगत तथा संरचनागत सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

# हप्ताको दुई दिन बिदाः कतै विरोध, कतै समर्थन

**काठमाडौं–** सरकारले इन्धन खपतका लागि हप्तामा आइतबार पनि बिदा दिने निर्णय गरेपछि कतै विरोध शुरु भएको छ भने कतै समर्थन । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन)ले सरकारको दुई दिने सार्वजनिक बिदासम्बन्धी निर्णयले विद्यालय तहको शैक्षिक क्यालेण्डरमा दीर्घकालीन असर पार्ने जनाएको छ ।

नेसनल प्याब्सनका अध्यक्ष गीता राणा क्षेत्री र महासचिव प्रतापबहादुर थापाले आज विज्ञप्ति जारी गर्दै थप बिदाका कारण निर्धारित पाठ्यक्रम तोकिएको समयमा सम्पन्न गर्न चुनौती उत्पन्न गरेको उल्लेख गरेका छन् । नेपाल सरकार, मन्त्रिपरिषद्ले यही चैत २२ गते गरेको निर्णयअनुसार पेट्रोलियम पदार्थको खपत घटाउन र वैदेशिक मुद्रा सञ्चिति जोगाउन हप्तामा शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा शैक्षिकसत्र वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरिएको थियो ।

दैनिक ज्यालादारीमा आश्रित अभिभावकका लागि दुई दिने बिदा व्यवस्थापन गर्न कठिन हुने र यसले सामाजिक तथा आर्थिक असर पार्ने सो संस्थाको दाबी छ । यी चुनौतीबीच सरकारको निर्णय कार्यान्वयन गर्दै आफ्ना विद्यालयलाई आग्रह गर्दै नेसनल प्याब्सनले नयाँ भर्ना वैशाख २ गतेदेखि र पठनपाठन सञ्चालन गर्न आग्रह गरेको छ । एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठनपाठन कायम हुनुपर्ने शिक्षा नियमावलीमा व्यवस्था छ ।

यता चितवन क्षेत्रका पर्यटन व्यवसायीले भने यो निर्णयको स्वागत गरेका छन् । साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । इन्धनको खपत घटाउने भएकाले यो बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरू बताउनछन् । दुई दिन बिदा हुँदा कम्तीमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिँड्न पाउने छन् । क्षेत्रीय होटल संघ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले अहिले ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउँछन् । 'साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौं,' अध्यक्ष भट्टराईले भने ।

आफू संघको अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उनले अहिलेको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताए । संघका उपाध्यक्ष गुणराज थपलिया विश्वबजार आइतबार पनि बन्द हुने भन्दै उहाँले यसलाई निरन्तरता दिन माग गरिएको बताए । 'सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ । यो विश्वभरिनै हुने गर्दछ,' थपलियाले भने । झण्डै दुई तिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरू अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्थ छन् । होटल भिष्टा चितवनका सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क सुनिए । 'आन्तरिक पर्यटक वढ्नेमा हामी ढुक्क छौं,' सिलवालले भने ।

शुक्रबार र शनिबार अहिले पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उनले अब आइतबार पनि पर्यटकको संख्या बढ्ने बताए । वनवास रिसोट चितवनका महाप्रबन्धक प्रकाश न्यौपाने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरिएको भए पनि निरन्तरता दिन नसकिएको बताए । पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उनले यसलाई निरन्तरता दिन आग्रह गरे । 'दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायनमान हुन्छ । राज्यको भार घट्छ,' न्यौपानेले भने । यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उनले बताए । जिल्लाको सौराहा, पटिहानी, मेघौली, भरतपुरलगायतका क्षेत्रमा आन्तरिक र बाह्य पर्यटकहरू आउने गर्दछन् । दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरू घुम्न आउन सहज हुन्छ । *रासस*


## Mauritius मा रोजगार

कम्पनी : GAMMA CONSTRUCTION LTD

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 330843 | चलानी नं. ६०२४५३०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 75 | 0 | 20000 | ७४,१२४८ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 15 | 0 | 20000 | ७४,१२४८ | | | | | | | |
| 3 | Mason | 150 | 0 | 20000 | ७४,१२४८ | | | | | | | |
| 4 | Steel Fixer | 75 | 0 | 20000 | ७४,१२४८ | | | | | | | |
| 5 | TILER | 75 | 0 | 20000 | ७४,१२४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ४ गते (17th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



## जापानमा रोजगार

कम्पनी : TOPAIM OKINAWA BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 325346 | चलानी नं. ६०२३९३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Deli food Manuacturing industry | 7 | 0 | 170000 | १,५८,०८८ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ४ गते (17th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२



## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : साइन्टेक्स प्याकेजिङ बेरहाड
COMPANY: SCIENTEX PACKAGING BERHAD

| | | |
|---|---|---|
| Pre Approval Date : 2026-04-09 | चलानी नं. ६०२५३९०९ | एल टि न. ३४०४३४ |
| पूर्व स्वीकृति मिति : २०८२/१२/२६ | Invoice No. 60253909 | LT. No. 340434 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलबः RM | मासिक तलबः ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Production Workers | 25 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६३,३०५ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौं । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | ७००/– रोजगारदाता (Employer) 700/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८२ वैशाख ४ गते (17th April 2026) मा हुनेछ ।'
Candidates with working experience in a plastic factory in Malaysia will be given high priopity '
मलेसिया स्थित प्लास्टिक कारखानामा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
  यो शुन्य लागत अर्न्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोंने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोंनुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
  चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
  चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
  सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
  कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9851074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८५१०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


**चामे गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**चामे, मनाङ**
**गण्डकी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२७**

प्रस्तुत विषयमा चामे गाउँपालिको आ.व. ०८२/०८३ मा स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका योजनाहरु सिलबन्दी दरभाउपत्रको माध्यामवाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्मरनिर्माण व्यवसायीले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० भित्र आवश्यक कागजात सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.को.ठे.नं. | कार्य विवरण | अनुमानित लागत मु.अ.कर, PS सहित | सिलबन्दी दरभाउपत्र शुल्क रु. | सिलबन्दी दरभाउपत्र जमानत रु. |
|---|---|---|---|---|
| CRM-03/SQ/082/083 | पूरानो जि.प्र.का. बाट विधुत हुलाक कार्यालय सम्मको सडक निर्माण | १९,३१,९८५।९१ | १०००/- | ४६,०००/- |

सिलबन्दी दरभाउपत्र खरिद र जमानतको लागि बैंक विवरण

| सिलबन्दी दरभाउपत्र खरिद खरिदका लागि | सिलबन्दी दरभाउपत्र जमानतको लागि |
|---|---|
| बैंकको नामः नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल<br>कार्यालयको नामः चामे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चामे मनाङ<br>कार्यालयको कोड नं. ८०१०४४००१<br>कार्यालय खाता नं. GA 1.1 (12803000001001000001)<br>राजश्व शिर्षक नं. 14229 | बैंकको नामः नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल<br>कार्यालयको नामः चामे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चामे मनाङ<br>कायालयको कोडनं. ८०१०४४००१<br>कार्यालय खाता नं. 12803000003000000001<br>चामे गाउँपालिका GA 3.0 धरौटी खाता ख |

नोटः निर्माण कार्यको विल अफ कवान्टिटी (BOQ) चामे गाउँपालिका वाट उपलब्ध हुनेछ ।
थप जानकारीको लागि यस पालिकाको पूर्वाधार विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नातावादविरुद्ध सरकारको स्वागतयोग्य कदम

**राजनीतिमा नातावाद, कृपावाद र शक्ति–दुरूपयोग नयाँ विषय होइन । दशकौँदेखि सार्वजनिक पदलाई व्यक्तिगत स्वार्थ पूर्तिको माध्यम बनाउने प्रवृत्ति मौलाएको थियो । गत भदौ तेस्रो साताको जेन–जी विद्रोहको एउटा मुद्दा 'नातावाद'को अन्त्य पनि थियो । सोही विद्रोह र २१ फागुनको चुनावको संयुक्त म्यान्डेट पाएको दल रास्वपा 'नातावाद' विरोधी कित्तामा छ । यद्यपि, यही दल हाल सत्तामा हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रहेका दीपककुमार साहले श्रीमती जुनु श्रेष्ठलाई बीमा बोर्ड सदस्य पुनः नियुक्ति दिलाए । स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतालाई प्रभावित पारेर साहले श्रीमती जुनुलाई पुनः नियुक्ति दिलाएर रास्वपाको एजेन्डाविपरीत नातावादलाई प्रश्रय दिने काम साहले गरे ।**

**यसविरुद्ध रास्वपा कठोर बन्यो । सभापति रवि लामिछानेले साहलाई सरकारबाट फिर्ता बोलाउन भन्दै प्रधानमन्त्री वालेन्द्र शाहलाई पत्राचार गरे । पत्राचारपछि बालेनले साहलाई बर्खास्त गरे । पटकपटक बीमा बोर्डको बैठकमा सहभागी नहुँदा निलम्बित भएकी श्रेष्ठलाई पुनः नियुक्ति दिलाउँदा मन्त्री पद चट् भयो । साहलाई नातावादको आरोपमा पदमुक्त गर्ने निर्णय एउटा सामान्य कदम मात्र होइन, राजनीतिक सन्देश पनि हो । यसले स्पष्ट संकेत दियो कि रास्वपा आफ्नो विधान र मूल्यमा सम्झौता गर्न तयार छैन ।**

**रास्वपाको विधानले परिवारका सदस्यलाई राज्यका निकायमा सिफारिस गर्न निषेध गरेको छ । यही प्रावधानलाई आधार बनाएर कारबाही गर्नुले पार्टीभित्र नियम कागजमा मात्र नभई व्यवहारमा पनि लागू हुने सन्देश दिएको छ । राजनीति भाषण र वाचा होइन, व्यवहारले प्रमाणित हुने कुरा हो भन्ने सन्देश पनि प्रवाह भएको छ । उसो त श्रममन्त्री साह विवादित सांसद हुन् । २०७३ सालमै उनीविरुद्ध एमबीबीएस परीक्षामा पास गराउने भन्दै दुई लाख रूपैयाँ ठगी गरेको आरोप लागेको थियो ।**

**यो कदमसँगै केही महत्वपूर्ण प्रश्नहरू पनि उठ्छन् । के रास्वपाले यही कठोरता सबै अवस्थामा कायम राख्न सक्छ ? वा यो 'इमेज बिल्डिङ'को हिस्सा मात्र हो ? विगतमा अन्य दलहरूले पनि प्रारम्भमा कडा छवि बनाउने प्रयास गरे पनि समयसँगै त्यही पुरानै रोगमा फसेका उदाहरणहरू प्रशस्तै छन् ।**

**रास्वपाका लागि चुनौती यहीँ छ । एउटा मन्त्रीलाई हटाउनु सजिलो हुन सक्छ तर संस्थागत रूपमा पारदर्शिता र उत्तरदायित्व कायम राख्नु दीर्घकालीन परीक्षा हो । तर, सकारात्मक कोणबाट हेर्दा मन्त्री साहको बर्खास्तीले रास्वपालाई नैतिक उचाइ दिएको छ । यसले जनतामा कुनै पनि व्यक्तिभन्दा नियम ठूलो हुन्छ भन्ने आशा जगाएको छ । यद्यपि, राजनीतिक विश्वसनीयता एकपटकको निर्णयले होइन, निरन्तर व्यवहारले निर्माण हुन्छ ।**

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

#### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

#### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

#### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

#### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# निराशाको कुहिरो र विकासको यथार्थ




❑ महेशदत्त भट्ट

पछिल्लो समय हाम्रो सार्वजनिक बहसमा सबैभन्दा धेरै सुनिने वाक्य हो- 'देशमा विकास भएन, केही भएन ।' चिया पसलदेखि संसद्सम्म, सामाजिक सञ्जालदेखि गाउँका चौतारासम्म यही टिप्पणीहरू सुन्न पाइन्छ । यो वाक्य आज व्यक्तिगत असन्तुष्टिभन्दा बढी समाजको सामूहिक मानसिकताको प्रतिनिधि बनेको छ । विकासलाई हामीले लामो समयदेखि सडक, भवनजस्ता भौतिक संरचरना र बजेटको आकारमा मात्र मापन गर्दै आएका छौं । जहाँ कालोपत्र छैन, त्यहाँ राज्य छैन भन्ने अनुभूति बन्यो । जहाँ ठूला संरचना देखिएनन्, त्यहाँ परिवर्तन भएको मानिँदैन । यही सीमित दृष्टिकोणले सामाजिक, शैक्षिक, स्वास्थ्य, सञ्चार, विद्युत्, बैंकिङ सेवा, ग्रामीण सडक, सामुदायिक वनलगायतका विभिन्न क्षेत्रमा भएका सूक्ष्म तर महत्त्वपूर्ण प्रगतिलाई ओझेलमा पार्दै लग्यो ।

संघीय लोकतान्त्रिक व्यवस्थापछि जनताका अपेक्षा स्वाभाविकरूपमा बढे । परिवर्तन छिटो र प्रत्यक्ष देखिनुपर्छ भन्ने चाहना गलत पनि होइन । अपेक्षा र यथार्थबीचको यही दूरीले निराशा जन्मायो र त्यो निराशा 'केही भएन' भन्ने नकारात्मक भाष्यका रूपमा व्यक्त हुन थाल्यो । विकासका कयौं प्रयासहरू अधुरा र कमजोर पनि छन् । विद्यालय भवन बने तर शिक्षाको गुणस्तर उस्तै रह्यो । स्वास्थ्यचौकी स्थापना भयो तर

"संघीय लोकतान्त्रिक व्यवस्थापछि जनताका अपेक्षा स्वाभाविकरूपमा बढे । परिवर्तन छिटो र प्रत्यक्ष देखिनुपर्छ भन्ने चाहना गलत पनि होइन । अपेक्षा र यथार्थबीचको यही दूरीले निराशा जन्मायो र त्यो निराशा 'केही भएन' भन्ने नकारात्मक भाष्यका रूपमा व्यक्त हुन थाल्यो । विकासका कयौं प्रयासहरु अधुरा र कमजोर पनि छन् । विद्यालय भवन बने तर शिक्षाको गुणस्तर उस्तै रह्यो । स्वास्थ्यचौकी स्थापना भयो तर सेवा प्रभावकारी भएन । बजेट खर्च भयो तर जनजीवनमा प्रत्यक्ष अनुभूति आएन । सबै कुरा शून्य छ भन्ने भाष्य पनि समाजका लागि उत्तिकै खतरनाक छ । यसले नागरिकलाई उदासीन बनाउँछ, सकारात्मक प्रयासलाई निरर्थक ठहर गर्छ र भविष्यप्रतिको आशा क्षीण बनाउँछ ।




सेवा प्रभावकारी भएन । बजेट खर्च भयो तर जनजीवनमा प्रत्यक्ष अनुभूति आएन । सबै कुरा शून्य छ भन्ने भाष्य पनि समाजका लागि उत्तिकै खतरनाक छ । यसले नागरिकलाई उदासीन बनाउँछ, सकारात्मक प्रयासलाई निरर्थक ठहर गर्छ र भविष्यप्रतिको आशा क्षीण बनाउँछ । निरन्तर नकारात्मक भाष्यले लोकतान्त्रिक पद्धति र सहभागिता कमजोर पार्नुका साथै सामाजिक असन्तोषलाई अझ गहिरो बनाउन सक्छ । 'देशमा विकास भएन, केही भएन' भन्ने वाक्य गुनासोको रूपमा उपयोगी हुनसक्छ तर स्थायी भाष्यका रूपमा होइन ।

यसलाई सुधारका लागि दबाब, जिम्मेवारीको माग र सकारात्मक परिवर्तनको आधार बनाइयो भनेमात्र यो वाक्य समाज रूपान्तरणतर्फ उन्मुख हुनसक्छ । समाजमा अझै पनि तमाम गरिबी छ, समाजमा रोग छ, भोक छ, शोक छ, आर्थिक अभाव छ, बेरोजगारी छ । समाज गरिबीले पिल्सिएको छ । राज्यको सेवा प्रवाहमा तमाम त्रुटि र ढिलासुस्ती रहिआएको कुरा स्वीकार गर्नुपर्छ तर समाजका केही पनि भएको छैन ? यो कुरा पूर्णरूपमा सत्य होइन । यही नकारात्मकताले भएका सकारात्मक प्रयास पनि गिजोलिएका छन् । पछिल्ला दशकमा केही अवस्य भएको छ । केही नभएको पनि छ । गिलास आधा रित्तो छ भन्नुभन्दा पनि आधा भरिएको छ भन्ने कोणबाट सुरु गऱ्यो भने नकारात्मकतालाई छोडेर सकारात्मकतातर्फ जान सकिन्छ । केही त अवश्य भएको छ भन्ने कुरा केही उदाहरणबाट सुरु गरौं ।

२०५४ सालमा बैतडीको दक्षिणी गाउँ विशालपुरदेखि सडक जोडिएको स्थान देहिमाडौंसम्म पूरै दिन लाग्थ्यो । अहिले अढाइ घण्टामा छोटिएको यो दूरी छिचोल्न त्यो बेला दुई दिने पैदलयात्रा गर्नुपर्थ्यो । २०५८ सालमा देशले संकटकालको सामना गरिरहेको थियो । देश अन्तरद्वन्द्वको दलदलमा फसेको बेला सिंगो समाज असुरक्षित थियो । राज्यका सबै सेवा सुविधाहरू सदरमुकाम केन्द्रित थिए । हुलाक सेवा अवरुद्ध थियो । दूरसञ्चार सेवामा करिब पाँच प्रतिशत मानिसको मात्र पहुँच थियो । सहरका विद्यालय बन्द, हड्तालले आक्रान्त थिए । विद्युतीकरणको अभावमा बस्तीहरू अन्धकार थिए । प्राविधिक शिक्षालयहरूको स्थापना हुनसकेको थिएन ।

उच्च शिक्षा हासिल गर्न जिल्लाबाहिर जानुपर्ने स्थिति थियो । जिल्ला सदरमुकाममा मात्र सीमित इन्टरनेट मुस्किलले ५६ केबिपिएसको गतिमा चल्थ्यो । समान्य बिरामी हुँदा पनि भारतको पिथौरागडमा जानुपर्ने स्थिति थियो । सदरमुकामको मूल सडक नै धुलाम्मे र हिलाम्मे थियो । ग्रामीण सडकको सुरुआत भएकै थिएन । बैंकिङ सेवा लिन सदरमुकामको एकमात्र राष्ट्रिय वाणिज्य बैंक थियो, जहाँ लामो लाइन लाग्नुपर्थ्यो । सामाजिक अन्याय र उत्पीडनका घटनामा पहुँच नभएका नागरिकले सहेर बस्नुपर्ने स्थिति थियो । बालबालिकाले दुई घण्टाको लामो बाटो हिँडेर स्कुल जानुपर्थ्यो । समयमा पाठ्यपुस्तक विद्यालयमा पुग्न सक्दैनथे । गर्भवतीको ज्यान बचाउन अस्पतालसम्म पुग्न स्ट्रेचर अभाव थियो । एम्बुलेन्सको अनुहारै देख्न नसकिने अवस्था थियो । अहिलेको अवस्थामा लोककथाझैं लाग्ने यो कुरा धेरै पुरानो होइन, करिब दुई दशकअघि अनुभव गरेको यथार्थ हो ।

## विकासमा फड्को मार्दै बैतडी

आजमाथि उल्लेखित धेरैजसो समस्याको समाधान भएको छ तर पूर्ण भएको छैन । आमनागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने र उनीहरूको दैनिकी सजिलो पार्ने धेरै काम भएका छन् ? चर्चा गरौं । दुई दशकअघि ट्र्याकमात्र खोल्न सुरु भएको बैतडीको दक्षिणी क्षेत्र तल्लो स्वराड जोड्ने सडक आधा कालोपत्र भइसकेको छ । पाटनबाट पञ्चेश्वर जोड्ने ६४ किलोमिटर पाटन-पञ्चेश्वर सडकको ४५ किलोमिटर खण्ड कालोपत्र भइसकेको छ । उत्तर-पूर्वी क्षेत्र पुरचौडी श्रीभावर-हाट कालोपत्र सडकको पहुँचमा पुग्दै छ । देहिमाण्डौं-गिरेगडा सडक, सतबाँज-श्रीभावर सडक, महाकाली करिडोर, सिल्लेगडा-पुर्चौडी सडक, खोचेलेक-रिम, गोकुलेश्वर-डिलाशैनी-पुर्चौंडी, सलेना-देहिमाण्डौं सडक सञ्चालनमा आएका छन् । सेरा-झुलाघाट, पोखरा-ढुंगाड-गर्जे, दुदिलाखान-गाँजरी-कुर्चेनेटा, दुदिलाखान-गाँजरी-धौलाडी-ठूलोकाठा, सुल्लेखान-शर्माली-नागार्जुन, खाल-देहिमाण्डौं-शर्माली सडक, सेरा-नगरौं-धामीगाउँ-मठैराजलगायत अन्य थुप्रै वडादेखि पालिका जोड्ने ग्रामीण सडकमा ट्र्याक खुलेर अधिकांशमा सवारी चल्न थालेका छन् ।

केही वर्ष अघिसम्म विज्ञान विषय अध्ययन गर्न कि त धनगढी र महेन्द्रगर झर्नुपर्ने कि छिमेकी देशको पिथौरागढ सहर जानुपर्ने बाध्यता थियो । आज नेपाल सरकारले विज्ञान विषय प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लाका दुईवटा विद्यालयमा आवासीय सुविधा र प्रोत्साहनका लागि नगदसमेत दिने कार्यक्रम सञ्चालन गरेको छ । कयौं ठाउँमा घरमै बसेर उच्च शिक्षा अध्ययन सम्भव भएको छ । स्नातक तह अध्ययनका लागि सुदूरपश्चिम विश्वविद्यालयका जगन्नाथ बहुमुखी क्याम्पस, मणिलेक बहुमुखी क्याम्पस र पाटन बहुमुखी क्याम्पस आंगिक क्याम्पसहरूका रूपमा सञ्चालनमा छन् । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी आठ क्याम्पस सञ्चालनमा रहेका छन् । जगन्नाथ बहुमुखी क्याम्पस र श्रीकोट बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको पढाइ हुन्छ । विभिन्न विद्यालयमा प्राविधिक शिक्षाका कक्षा सञ्चालनमा रहेका छन्, जसले प्राविधिक, व्यावसायिक शैक्षिक जनशक्ति उत्पादन भइरहेको छ । सार्वजनिक सेवा विकेन्द्रीकरण गर्ने लक्ष्यका साथ सरकारले पुर्चौंडी नगरपालिकामा इलाका प्रशासन सञ्चालनमा ल्याएको छ । मेलौलीमा इलाका प्रशासन स्थापना हुने क्रममा छ ।

यसैगरी विद्युत् र सञ्चार क्षेत्रमा पनि ठूलो फड्को मारिएको छ । दुई दशकअघिसम्म सदरमुकाममा आएर मात्र बिजुली देख्न पाइने अवस्था थियो । त्यो बेला सदरमुकाम, पाटन र केही लघुजलविद्युत्मार्फत जिल्लाको नगन्य क्षेत्रमा बत्ती बलेको थियो । २०४२ सालमा सीमानाका झुलाघाटबाट ६०० किलोवाट विद्युत् सदरमुकाम क्षेत्रका लागि विस्तार सुरु गरिएको हो । २०५५/५६ सालमा नेपाल विद्युत् प्राधिकरणको ३३ केभी प्रसारणलाइन विस्तार कार्य प्रारम्भ भयो । अहिले २६ हजार ९०८ घरघुरीमा बत्ती बलेसँगै जिल्लाको करिब ८० प्रतिशत विद्युतीकरण भइसकेको छ र बाँकी कार्य निर्माणक्रममा छ । दुई दशकअघि ५६ केबिपिएसमा चल्ने इन्टरनेट अहिले १०० एमबिपिएसको गतिमा चल्ने भएको छ । मानिसका हातहातमा मोबाइल, इन्टरनेट सुविधा पुगेको छ । जिल्लाको करिब ९० प्रतिशत भूभाग दूरसञ्चार सेवाको पहुँच आएको छ । जिल्लाभरि विद्युतीकरणसँगै यो सेवामा गुणस्तर थपिने अपेक्षा गर्न सकिन्छ ।

वि.सं. २०६० सम्म थोरै घरहरूमा मात्रै शौचालयको प्रयोग हुन्थ्यो । प्रायः मानिस खुल्ला ठाउँमा दिसा गर्थे । यसका कारण झाडापाखाला, हैजा, टाइफाइड, जण्डिस, दूषित पानी र खानाबाट महामारी फैलिएर वार्षिकरूपमा कयौं बालबालिकाको मृत्यु हुन्थ्यो । गर्भवतीको स्वास्थ्य जोखिममा थियो । बाल मृत्युदर उच्च थियो । सामान्य उपचार गर्न पनि छिमेकी देश भारतको पिथौरागढ र तराईका जिल्ला दर्गुनुपर्ने बाध्यता पनि कम हुँदै गएको छ । पालिकास्तरमा अस्पताल, वार्डस्तरमा स्वास्थ्य संस्था र बर्थिङ सेन्टर स्थापना भएका छन् । गर्भवतीका लागि स्ट्रेचरको अभाव हुने ठाउँमा अहिले एम्बुलेन्स सेवा उपलब्ध छ । यस्तै बैंकिङ कारोबारका लागि जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ । सबै पालिकामा बैंक स्थापना भएका छन् । गाउँ-गाउँमा सहकारी संस्था खुलेका छन् । कयौं नागरिकमा वित्तीय साक्षरता बढेको छ । विभिन्न लघुवित्तले जिल्लाभरि सेवा विस्तार गरिरहेका छन् ।

## उज्यालो दिनको प्रतीक्षामा

यस जिल्लामा केही यस्ता आयोजना छन् जसले समग्र राष्ट्रको आर्थिक समृद्धिमा टेवा पुऱ्याउँदै देशको मुहार नै परिवर्तन हुनसक्छ । देशको मुहार फेर्न सक्ने आयोजनाका रूपमा पञ्चेश्वर बहुउदेश्यीय आयोजनालाई लिन सकिन्छ । २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पिभिनरसिंह रावले हस्ताक्षर गरेको एकीकृत महाकाली सन्धिमा छ हजार ४८० मेगावाट क्षमताको पञ्चेश्वर बहुउदेश्यीय आयोजना बनाउने बुँदा उल्लेख थियो । विद्युत्, पर्यटन, मत्स्यपालन आदिबाट वार्षिक करिब ५५-६० अर्ब रूपैयाँ आम्दानी हुने देखाएको यो नेपालका लागि गौरवको आयोजना हो । तीन दशक बितिसक्दा पनि आयोजना अलपत्र अवस्थामा छ ।

त्यस्तै नमूना सहर पाटन, झुलाघाटमा मोटर पुल, दोगडाकेदारमा आइएमई ग्रुपले सञ्चालन गर्ने भनिएको सिमेन्ट उद्योग, सरकारले विस्तृत अध्ययन गरिसकेको फस्फोराइट उत्खनन, पुरचौडी, सिगासलगायतका फलामखानी, युरेनियम, खरी, जटीबुटी उत्पादन आदि कार्यले यस क्षेत्रको मात्र नभई समग्र देशकै विकासमा योगदान पुग्ने देखिन्छ । देशभरिमा १० वटा नमूना सहर निर्माण गर्ने लक्ष्यअनुसार महाकाली अञ्चलको पुरानो अञ्चल मुकाम पाटनलाई नमूना सहरको रूपमा विकास गर्ने कुराले बैतडीवासीमा खुसीको सञ्चार भएको थियो । पहाडी जिल्लाबाट बढ्दो बसाइँसराइलाई रोक्न पहाडमै सुविधा सम्पन्न सहर बनाउने कुरा पहाडी क्षेत्रको समावेशी विकास, पहिचान र सम्भावनासँग जोडिएको विषय हो । नमूना सहरको विकाससँगै व्यापार, पर्यटन, होटल, यातायात र साना उद्योग फस्टाउने सम्भावना बढ्थ्यो । यसले पहाडमा बस्ने स्थानीय युवालाई रोजगारी सिर्जना गरी विदेश पलायन घटाउन मद्दत गर्न सक्थ्यो ।

पाटन नमूना सहर बनेपछि बैतडीमात्र होइन, दार्चुला, डडेलधुरालगायत आसपासका जिल्लाका लागि पनि आर्थिक र प्रशासनिक केन्द्रको रूपमा विकसित हुनसक्थ्यो । तर, नमूना सहर बनाउने कार्य लक्ष्यअनुसार अघि बढ्न सकेको छैन । मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाट हो । नेपाल-भारत सीमा नदी महाकालीमाथि बन्ने भनिएको मोटरेबल पुल चुनाव आएसँगै चर्चाको विषय बन्ने गर्छ । एक हजार ७७६ किलोमिटर लामो मध्यपहाडी लोकमार्गलाई भारतको उत्तराखण्ड राज्यहुँदै दिल्लीसम्म जोड्ने पुल झुलाघाट पुल नै हो । सीमावर्ती व्यापार सहज भई स्थानीय अर्थतन्त्र चलायमान हुने छ ।

यस विषयमा लामो समयदेखि ज्ञापनपत्र, अनशन, आन्दोलनजस्ता विभिन्न संघर्षका कार्यक्रमसमेत भए पनि कुनै प्रगति भएको छैन । बैतडीको समग्र आर्थिक समृद्धिका लागि पुरचौडी र सिगासको फलामखानी उत्खनन गर्न सकिएमा देशलाई फलाममा आत्मनिर्भर गर्न सकिने सम्भावना छ । दोगडाकेदारमा सिमेन्ट उद्योग स्थापना र फस्फोराइट उत्खनन गर्ने महत्त्वपूर्ण योजना पनि सुरु हुन सकेका छैन । समग्रमा भन्नुपर्दा देशमा केही भएको छैन भाष्य सही छैन । केही त जरुर भएको छ तर जति हुनुपर्ने हो त्यति भएको छैन । आउँदा दिनहरूमा भएको विकासलाई सदुपयोग गर्दै नागरिकलाई सकारात्मक बाटोमा हिँडाउनुपर्छ । सुशासन र सहज सेवा प्रवाह गर्दै देशमा शान्ति अमनचयन, विकास र समृद्धिको बाटोमा हिँड्नु छ । *रासस*



**सर्टमा सम्झनाका भाव**

माध्यमिक शिक्षा परीक्षा (एसइई) को अन्तिम दिन बिहीबार परीक्षा सकेर घर फर्कने क्रममा भरतपुरस्थित चितवन माध्यमिक विद्यालय तथा नारायणी नमूना माध्यमिक विद्यालय परीक्षा केन्द्रमा विद्यार्थीहरू सर्टमा सम्झनाका भाव लेखी बिदाइ साटासाट गर्दै । *तस्बिरः रासस*

# सडक पुगेपछि सहज बन्यो गाउँलेको दैनिकी



**चितवन–** घरसम्मै गाडी पुगेपछि यहाँको इच्छाकामना गाउँपालिका-२ घुर्केसकी बिसु गुरुङको दैनिकी फेरिएको छ । पहिले जस्तो पैदल हिँडेर बजार जानु पर्दैन । गाडीमा जान आउन पाएपछि घरको काम गर्ने समय नै बचत भएको उनी बताउँछिन् ।

स्थानीय स्वास्थ्य संस्थामा कार्यरत गुरुङले सडक सञ्जालले गाउँलेको जीवन फेरिएको बताइन् । पृथ्वी राजमार्ग र नारायणगढ-मुग्लिन सडकखण्ड आसपासबाहेक इच्छाकामनाका अधिकांश भूगोल पहाडी क्षेत्रमा पर्दछ । यहाँ बहुसंख्यक जनजाति बसोबास गर्दछन्, जसमा ३७ प्रतिशत चेपाङ छन् । कूल जनसंख्याको ७५ प्रतिशत जनजातिको बसोबास छ ।

इच्छाकामना-२ का अध्यक्ष पञ्चबहादुर चेपाङ गाउँगाउँमा सडक, विद्युत्, खानेपानी पुगेपछि बसाइँ सर्ने क्रम घटेको बताउँछन् । उनका अनुसार सडक सञ्जालले छोएसँगै यहाँ उत्पादित कृषिजन्य उत्पादन सहजै बजारसम्म पुऱ्याउन पाएका छन् ।

घरमै मोटरसाइकल पुग्ने भएपछि बजारमा काम गर्नेहरू पनि बिहान बेलुका घरबाटै धाउन थालेका छन् । गाउँपालिकाको पहाडी भू-भाग हुँदै शक्तिखोर-फिस्लिङ सडक बनेको छ । इच्छाकामना गाउँपालिका-२, ३ र ७ वडा हुँदै जाने सो सडक ३५ किलोमिटर लामो छ । यो सडकसँगै नारायणगढ-मुग्लिन र पृथ्वी राजमार्गसँग यहाँका भित्री सडक जोडिएका छन् ।

गाउँपालिका, बागमती प्रदेश सरकार र संघीय सरकारका आयोजनाका कारण सडक र पुल बनेपछि गाउँलाई सहरसँग जोड्न सकिएको इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ बताउँछन् । इच्छाकामनामा मात्र तीन तहले बनाएका सडकको लम्बाइ ४०० किलोमिटरभन्दा बढी छ ।


उनले भने, 'सबै टोलमा सडक पुगेको छ । जसले यहाँका नागरिकको जीवन फेरिएको छ । गाउँपालिकाले विकास बजेटको ४० प्रतिशतभन्दा बढी सडक र पुलमा खर्च गर्ने गर्छ,' गुरुङले भने, 'सडक पुगेपछि बसाइँ सर्ने क्रम कम भएको छ ।' यहाँबाट एक वर्षमा नौ करोड रूपैयाँ हाराहारीको सुन्तला बिक्री हुने गरेको उनले जानकारी दिए ।

गाउँपालिकाले तरकारी बोक्न कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । सुन्तलाभन्दा बढी तरकारीबाट किसानले आम्दानी गर्ने गरेका छन् । खसी, बोका, कुखुरामात्रै वार्षिक एक करोड रूपैयाँभन्दा बढीको बिक्री हुने गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र बस्नेत सडक सञ्जालले इच्छाकामनाका सबै गाउँ छोएपछि यहाँको पर्यटकीय क्षेत्रको विकासमा पनि टेवा पुगेको बताउँछन् । धार्मिक महत्त्व बोक्ने मठमन्दिर, महत्त्वपूर्ण किल्ला उपरदाङगढी, जिल्लाकै सबैभन्दा अग्लो भू-भाग सिराइचुलीजस्ता क्षेत्रमा सडक सञ्जाल पुगेपछि आन्तरिक पर्यटक बढेको बस्नेत बताउँछन् । *रासस*

# किरात संस्कृतिसँग जोडिएको 'लुङथुङ' ओझेलमा

**भोजपुर–** भोजपुरको हतुवागढी गाउँपालिका-४ मा अवस्थित किरात सभ्यता र संस्कृतिसँग गहिरो सम्बन्ध बोकेको ऐतिहासिकस्थल 'लुङथुङ' प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ ।




प्राकृतिकरूपमा अनौठो संरचनामा रहेको यो शिला धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण मानिए पनि आवश्यक संरक्षण, अध्ययन र प्रवर्द्धन नहुँदा यसको पहिचान सीमित बन्दै गएको छ । स्थानीयवासी विजयकुमार राईका अनुसार 'लुङथुङ' नाम आफैंमा किरात संस्कृतिको प्रतीक हो । किरात (वान्तावा) भाषामा 'लुङ' को अर्थ ढुंगा र 'थुङ' को अर्थ गाडिएको भन्ने हुन्छ । 'यहाँ रहेको शिला हेर्दा नै आश्चर्य लाग्छ, मानौं कसैले चिरानी गरेर मिलाएर गाडेको हो,' उनले भने, 'करिब नौ फिट अग्लो यो शिला यसरी ठडिएको देख्दा जो कोही पनि अचम्मित हुन्छ ।'

उक्त शिलामा 'मंगलसिंह राई ३४' लेखिएको पाइए पनि यसको वास्तविक इतिहास र स्थापना समयबारे स्पष्ट अभिलेख भेटिएको छैन । यद्यपि, पुस्तौंदेखि स्थानीय समुदायले यसलाई धार्मिक आस्थाको केन्द्रका रूपमा मान्दै आएका छन् । स्थानीय विश्वासअनुसार यो शिला गाउँको संरक्षणसँग जोडिएको छ र यसलाई अन्यत्र सारिएमा गाउँमा विपद् आउने जनविश्वास रहिआएको छ ।

'यो केवल ढुंगामात्र होइन, हाम्रो पहिचान र आस्थासँग जोडिएको सम्पदा हो,' राईले भने, 'यही शिलाको नामबाट गाउँको नामसमेत 'लुङथुङ' रहन गएको हो । जुन हाम्रो इतिहासको जीवन्त प्रमाण हो ।' लुङथुङ क्षेत्र प्राकृतिक रूपमासमेत आकर्षक छ । हरियाली वातावरण, शान्त परिवेश र पहाडी भू-आकृतिले यो स्थानलाई पर्यटकीय हिसाबले सम्भावनायुक्त बनाएको छ । तर, आवश्यक पूर्वाधार अभावले गर्दा यहाँसम्म पुग्न कठिनाइ हुने गरेको छ । विशेषगरी पदमार्ग, संकेतचिह्न, सूचना बोर्ड र आधारभूत सुविधा नहुँदा पर्यटक आकर्षित गर्न चुनौती देखिएको छ ।

स्थानीय तहले भने यसको संरक्षण र प्रवर्द्धनका लागि प्रारम्भिक प्रयास थालेको छ । वडाध्यक्ष चन्द्रबहादुर विष्टका अनुसार ऐतिहासिक शिलाको संरक्षणका लागि घेराबारा गरिएको छ । 'हामीले यसको महत्त्वलाई ध्यानमा राख्दै पहिलो चरणमा संरक्षणको काम गरेका छौं,' उनले भने, 'अब यसलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य राखेका छौं ।'

उनका अनुसार आगामी दिनमा पदमार्ग निर्माण, सूचना केन्द्र स्थापना, प्रचारप्रसार तथा सांस्कृतिक पर्यटनसँग जोडेर लुङथुङ क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने योजना बनाइएको छ । स्थानीय समुदाय पनि यसको संरक्षण र प्रवर्द्धनमा सक्रिय रूपमा लाग्न थालेका छन् ।

संस्कृति, इतिहास र प्रकृतिको संगमस्थलका रूपमा रहेको लुङथुङ उचित संरक्षण र प्रचार पाएमा भोजपुरको महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्ने देखिन्छ । तर, त्यसका लागि सरकारी निकाय, स्थानीय तह र समुदायबीच समन्वयात्मक पहल आवश्यक रहेको स्थानीयबासीको भनाइ छ ।

हालसम्म ओझेलमा परेको यो ऐतिहासिक सम्पदाले उचित ध्यान पाएमा भविष्यमा पर्यटन र सांस्कृतिक पहिचानको महत्त्वपूर्ण आधार बन्न सक्नेमा स्थानीय आशावादी छन् । *रासस*

# बैतडीमा ६६ हजारभन्दा बढी नागरिक स्वास्थ्य बिमामा आबद्ध

**बैतडी (प्रस)–** जिल्लामा ६६ हजारभन्दा बढी नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका छन् । स्वास्थ्य बिमा सम्पर्क कार्यालय बैतडीका प्रमुख अनिलचन्द्र जोशीले हालसम्म यहाँका १६ हजार ४४१ परिवारका ६६ हजार २४७ जना बिमा कार्यक्रममा आबद्ध भएका बताए ।




तीमध्ये ज्येष्ठ नागरिक, 'क' वर्गको अपांगता भएका व्यक्ति, एचआइभी संक्रमित, 'एमडिआरटी' क्षयरोग भएका, कुष्ठरोग लागेका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य बिमा गर्ने गरिएको उनले जानकारी दिए । यस्तै, महिला स्वास्थ्य स्वयंसेविकाहरूको बिमा गर्दा 'प्रिमियम' को आधा रकम सरकारले तिर्ने गरेको जोशीले बताए ।

स्वास्थ्य बिमामा आबद्ध भएका नागरिकले सूचीकृत स्वास्थ्य संस्थाबाट निःशुल्करूपमा उपचार सेवा पाउने गरेका छन् । बैतडीमा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र पाटन र केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र मेलौली बिमा सेवा पाउने सूचीकृत स्वास्थ्य संस्थाका रूपमा रहेका छन् । ती संस्थामा उपचार हुन नसकेमा 'रेफर' गरिएका अन्य अस्पतालमा पनि निःशुल्क उपचार हुने गरेको बिमा सम्पर्क कार्यालय प्रमुख जोशीले बताए ।

स्वास्थ्य बिमामा आबद्ध हुन चाहने नागरिकले पाँच जनासम्म परिवार भएका सदस्यलाई वार्षिक तीन हजार ५०० रूपैयाँ 'प्रिमियम' तिर्नुपर्ने र सोबापत एक लाख रूपैयाँबराबरको उपचार निःशुल्क पाइने गरेको छ । पाँच जनाभन्दा बढी सदस्य भएको परिवारले प्रतिसदस्य ७०० रूपैयाँ थप प्रिमियम बुझाउनुपर्ने र उनीहरूले थप २० हजार रूपैयाँका दरले उपचार सुविधा पाउने गरेका छन् ।

# दुई दिन सार्वजनिक बिदालाई निरन्तरता दिन माग

**चितवन–** साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । सरकारले यसअघि छोटो समयका लागि गरेको दुई दिन बिदाले पर्यटकीय क्षेत्रमा केही सुधार देखिएको थियो ।

सरकारले इन्धन खपत घटाउन शनिबार र आइतबार बिदा दिएको छ । इन्धनको खपत घटाउने भएकाले यो बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरू बताउँछन् । दुई दिन बिदा हुँदा कम्तीमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिँड्न पाउने छन् । क्षेत्रीय होटल संघ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले अहिले ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउँछन् ।

उनले भने, 'साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौं ।' आफू संघको अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उनले अहिलेको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताए ।

संघका उपाध्यक्ष गुणराज थपलिया विश्वबजार आइतबार पनि बन्द हुने भन्दै उनले यसलाई निरन्तरता दिन माग गरिएको बताए । उनले भने, 'सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ । यो विश्वभरि नै हुने गर्दछ ।' झण्डै दुईतिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरू अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्त छन् । होटल भिष्टा चितवनका सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क छन् । उनले भने, 'आन्तरिक पर्यटक बढ्नेमा हामी ढुक्क छौं ।'

शुक्रबार र शनिबार अहिले पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उनले अब आइतबार पनि पर्यटकको संख्या बढ्ने बताए । वनवास रिसोर्ट चितवनका महाप्रबन्धक प्रकाश न्यौपाने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरिएको भए पनि निरन्तरता दिन नसकिएको बताए । पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उनले यसलाई निरन्तरता दिन आग्रह गरे । उनले भने, 'दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायनमान हुन्छ । राज्यको भार घट्छ ।' यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उनले बताए ।

जिल्लाको सौराहा, पटिहानी, मेघौली, भरतपुरलगायतका क्षेत्रमा आन्तरिक र बाहय पर्यटक आउने गर्दछन् । दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटक घुम्न आउन सहज हुन्छ । *रासस*

**मलेसियामा रोजगार** कम्पनी : HAI SOON LEONG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२५ | LT. No. 340480 | चलानी नं. ६०२५३८९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 8 | 0 | 1700 | ६३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ४ गते (17th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SYNERGY HUMAN RESOURCE PVT. LTD.
Tokha-5, Basundhara, Kathmandu, Nepal. Tel:+977-1-4976489
Contact no. 9802378725, 9802378726, 9802378727
E-mail: info@synergyhr.co, Web: www.synergyhr.co
श्रम इजाजत नं. १७३६/०८१/८२

**मलेसियामा रोजगार** कम्पनी : SASA SURVEILLANCE SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 331853 | चलानी नं. ६०२४५८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ६३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EAGLE 999 SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२६ | LT. No. 331855 | चलानी नं. ६०२४५८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ६३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ४ गते (17th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079
Global Recruitment Group Pvt.Ltd. [BASNET AND GROUP HUMAN RESOURCE PVT LTD]
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

प्रभाव दैनिक

रूपशाला

## आमाछोरी एउटै फिल्ममा

नेपाली चलचित्र क्षेत्रकी सफल अभिनेत्री तथा निर्देशक झरना थापा र उनकी छोरी अभिनेत्री सुहाना थापा पहिलो पटक एउटै चलचित्रमा देखिने भएका छन् । संगीतकारको रूपमा स्थापित हरि लम्सालको डेब्यु निर्देशन रहने चलचित्र 'बाः एक योद्धा' मा यी आमा–छोरी मुख्य भूमिकामा देखिन लागेका हुन् । विगत दुई सातादेखि छायाङ्कन भइरहेको यस चलचित्रको निर्माण पक्षले कलाकारहरूको नाम गोप्य राखेको थियो । तर अहिले भने मुख्य भूमिकामा झरना–सुहाना थापा रहेको सार्वजनिक भएको गरिएको छ । गत चैत्र ९ गते काठमाडौँस्थित पशुपतिनाथ मन्दिर परिसरमा स्क्रिप्ट र क्यामेरा पूजा गर्दै छायाङ्कन सुरु गरिएको फिल्म 'आर्टिस्टिक इन्टरटेनमेन्ट' को ब्यानरमा निर्माण थालिएको हो ।



शुक्रबार, २७ चैत २०८२ (Friday, 10 April 2026)

# चलचित्रका लागि सुखद रह्यो '२०८२'




■ प्रभाव संवाददाता

**काठमाडौं–** विसं २०८२ नेपाली चलचित्रका लागि समग्रमा सुखद रहेको यस क्षेत्रका जानकारहरूले बताएका छन् । यस वर्ष विषयवस्तु प्रधानसँगै 'स्टार' भनिने कलाकारका चलचित्रले दर्शक पाएका छन् अर्थात् यस वर्ष सबै किसिमका चलचित्र हेर्न दर्शक चलचित्र भवनमा पुगे । चलचित्र विकास बोर्डले यस वर्ष दुई सय ३० वटा नयाँ चलचित्र दर्ता र ९४ चलचित्रले चलचित्र जाँचका लागि सिफारिस प्राप्त गरेको जनाएको छ ।

यस वर्ष हालसम्म ५६ स्वदेशी र ९३ विदेशी चलचित्र प्रदर्शन भइसकेका छन् । यही चैत २७ मा प्रदर्शन हुने चलचित्र 'राम नाम सत्य' सँगै यो वर्ष प्रदर्शन हुने स्वदेशी चलचित्रको संख्या ५७ पुग्नेछ । बोर्डका अनुसार हाल नेपालमा एक सय ७२ चलचित्र भवन रहेका छन् भने चलचित्र उपलब्ध गराउने वितरक संस्थाको संख्या ४४ पुगेको छ ।

यस वर्षको हालसम्म नेपाली चलचित्र हेर्न ३७ लाख ८१ हजार ५४४ दर्शक चलचित्र भवन आउँदा रु एक अर्ब आठ करोड ३८ लाख ५७ हजार ९१० बराबरको व्यापार भएको छ । बोर्डअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (सिनेपा २ बक्सअफिस)मा रहेको तथ्यांकअनुसार गत कात्तिक १४ मा प्रदर्शन भएको चलचित्र 'परान' ले रु १७ करोड ७६ लाख ८४ हजार ४१० कमाई गर्दै घरेलुबजारमा सर्वाधिक कमाई गर्ने स्वदेशी चलचित्र बनेको छ ।

यस वर्ष सर्वाधिक कमाई गर्ने चलचित्र 'परान' का लागि कुल छ लाख ३० हजार ६९१ टिकट बिक्री भएका छन् । दीपकप्रसाद आचार्यले निर्देशन गरेको उक्त चलचित्रले विशेषतः परिवारलाई नै दर्शक बनाएर चलचित्र भवनसम्म ल्याउन सफल भएको थियो । चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, प्रवीन खतिवडालगायतका कलाकारले अभिनय गरेका छन् ।

यस्तै, यस वर्ष सर्वाधिक कमाई गर्ने सूचीको दोस्रो स्थानमा चलचित्र 'आ बाट आमा' रहेको छ । उक्त चलचित्रका लागि पाँच लाख चार हजार ३२९ टिकट बिक्री हुँदा रु १३ करोड १३ लाख ७८ हजार ५२० कमाई भएको छ । आमा र छोरा बीचको कथा देखाइएको चलचित्र हालसम्म पनि नेपालका केही चलचित्र भवनमा प्रदर्शनरत छ ।

सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीको तेस्रो स्थानमा चलचित्र 'जेरी अन टप' रहेको छ । उक्त चलचित्रले रु १२ करोड २८ लाख ८४ हजार कमाई गर्न सफल भएको छ । उक्त चलचित्रका लागि तीन लाख ९६ हजार ५९७ टिकट बिक्री भएका छन् ।

प्रेम कथानक चलचित्र 'ऊनको स्वीटर' यस वर्ष विसं २०८२ मा सर्वाधिक कमाई गर्ने चलचित्र सूचीको चौथो स्थानमा रहेको छ । उक्त चलचित्रले घरेलुबजारमा रु ११ करोड ४१ लाख ९२ हजार १९५ कमाई गरेको छ । नवीन चौहानले निर्देशन गरेको उक्त चलचित्रका लागि तीन लाख ९२ हजार २४३ वटा टिकट बिक्री भएका छन् । यस्तै, पाँचौं स्थानमा रहेको चलचित्र 'जारी २' ले रु ६ करोड २४ लाख १७ हजार ४५३ कमाई गरेको छ । कवि उपेन्द्र सुब्बाले निर्देशन गरेको उक्त चलचित्रका लागि दुई लाख ९ हजार ३३३ टिकट बिक्री भएका छन् ।

यस्तै, सर्वाधिक कमाई गर्ने चलचित्रको छैटौं स्थानमा रहेको चलचित्र 'बलिदान' ले रु पाँच करोड १० लाख ५१ हजार १७२, सातौं स्थानमा रहेको चलचित्र 'मोहर' ले रु पाँच करोड आठ लाख ९५ हजार ५१२, आठौं स्थानमा रहेको चलचित्र 'हरिबहादुरको जुत्ता' ले रु चार करोड ७१ लाख ३८ हजार ६८७, नवौं स्थानमा रहेको चलचित्र 'माग्ने राजा' ले रु चार करोड ६९ लाख ४३ हजार ६५१ र दसौं स्थानमा रहेको चलचित्र 'माइतीघर' ले रु चार करोड १६ लाख ३१ हजार ८६३ कमाई गरेको छ । यस वर्ष चलचित्रमा विषयवस्तु वा कथा आकर्षणसँगै 'स्टारडम' भएका कलाकारको चलचित्रलाई दर्शकको साथ प्राप्त हुनु सुखद रहेको चलचित्रकर्मीको भनाइ छ ।

समग्रमा चलचित्रका लागि यो वर्ष सुखद नै रहेको निर्देशक तुलसी घिमिरेको बुझाइ छ । झन्डै सात वर्षको विश्रामपश्चात् चलचित्र 'पहाड' मार्फत पुनः निर्देशनमा सक्रिय भएका उनले दर्शकको अपेक्षाअनुसारको चलचित्र निर्माण गर्न सके घरेलुबजार राम्रो रहेको विश्लेषण गरेका छन् ।

'यहाँ रु ५० करोड व्यापार गर्ने चलचित्र पनि छन् भने रु ५० हजार व्यापार गर्ने पनि । यसकारण दर्शकसम्म चलचित्रको जानकारी पुग्ने हो भने घरेलुबजार नै पर्याप्त छ, तर त्यो सीमित चलचित्रको हकमा देखिएको छ । ती चलचित्रको समानता हेर्ने हो भने सबै सामाजिक विषयमा आधारित चलचित्र रहेका छन्', निर्देशक घिमिरेले भने, 'नेपाली समाज र माटो सुहाउँदो चलचित्र बनाउन सके हामीले राम्रो बजार पाउँछौं ।'

# रामकृष्ण ढकाल निर्मित 'मालती मंगले'को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं –** गायक रामकृष्ण ढकालले निर्माण गरेको फिल्म 'मालती मंगले'को टिजर सार्वजनिक भएको छ । प्रकु पाण्डेले निर्देशन गरेको फिल्मले ग्रामीण दम्पतीको प्रेम, त्यसमा आउने उतारचढाव र सामाजिक परिवेशको कथा भन्छ ।

टिजरमा फिल्मका शीर्ष कलाकार विजय बराल र वर्षा राउतका साथै मेक्सम गौडेल लगायत कलाकार देखिएका छन् । टिजरको सुरूवात विजय र वर्षाको पात्रबिच प्रेमाकर्षणबाट भएको छ । त्यसपछि सोही सम्बन्धमा आएका उतारचढावको संकेत दिने प्रयास गरिएको छ ।

रानी फिल्म्सको प्रस्तुति रहेको 'मालती मंगले'मा प्रकाश घिमिरे, सुवर्ण थापा, उमेश सुनाम, सुस्मा निरौला र सरिता गिरी तथा बाल कलाकारहरू नरिन थापा र मन्सु सापकोटाले समेत अभिनय गरेका छन् ।

फिल्ममा रोशन विश्वकर्माको कोरियोग्राफी, महेश पौडेलको छायांकन, रोमी मोसेजको सम्पादन र संयोग गुरागाईंको पटकथा तथा संवाद छ । मनोज जोशीले कला निर्देशन गरेका छन् भने कार्यकारी निर्माता सागर ज्ञवाली हुन् ।

नेपाली सुगम संगीत र पार्श्व गायनका प्रसिद्ध गायक रामकृष्ण ढकाल फिल्म निर्माणमा आएका छन् । उनले अढाइ दशकअघि आफ्नै सांगीतिक संघर्षमा आधारित फिल्म 'आशीर्वाद'मा अभिनय गरेका थिए ।

फिल्म 'मालती मंगले'का दुई गीत यसअघि नै लोकप्रिय भइसकेका छन् । प्रेमिल गीत 'सुनैको सपनी' र लोकशैलीको गीत 'ढुंगामाथि लेउ'ले दर्शक-श्रोताको मन जितिरहेका छन् । फिल्म आगामी वैशाख २५ गते रिलिज तयारीमा छ ।

# मिस नेपाल नर्थ अमेरिकाको आवेदन खुला

**न्यूयोर्क–** विगतमा भईरहेको ग्रयाण्ड फिनालेको स्थान परिवर्तन गर्दै 'मिस नेपाल नर्थ अमेरिका २०२६' का लागि आवेदन खुला गरिएको छ ।

आयोजक संस्था ड्रिम्स युनिभर्सलले विहिबारदेखि आवेदन खुला भएको जानकारी दिएको हो । आठौं संस्करण सम्म न्यूयोर्कमा हुदै आएको यो प्रतियोगिता यसपालि भने वासिङ्टन डी.सी.मा हुने आयोजक प्रमुख शैलेन्द्र श्रेष्ठले जानकारी दिएका छन् । श्रेष्ठका अनुसार थुप्रै राम्रा नेपाली ईभेन्ट गरिसकेका चन्द्र लामाको कम्पनी युए.सए ईन्टरटेन्मेण्टले लोकल होस्ट बनेर यो प्रतियोगितामा सहकार्य गर्दैछ ।

यसैगरी शैलेन्द्रका अनुसार फिनालेको लोकेशन परिवर्तन गरिएका कारण यस वर्षको कार्यक्रम विगतका कार्यक्रम भन्दा अथ पृथक र भव्य हुने छ । उनका अनुसार यसपालिको संस्करणमा नेपाली सिने क्षेत्र सहित अन्य क्षेत्रका चिरपरिचित सेलिब्रेटीहरूको समेत उल्लेखनिय उपस्थिती हुनेछ ।

कार्यक्रमको फिनाले जुलाई २५ (साउन ९ ) गते हुनेछ । प्रतियोगितामा सहभागी हुन अमेरिका र क्यानेडा बस्ने १८ देखि २९ वर्ष उमेर समूहका, अविवाहित हुनुपर्ने मापदण्ड राखिएको छ । त्यस्तै, न्यूनतम शैक्षिक योग्यता उच्च माध्यमिक प्लस टु वा सोसरह हुनुपर्नेछ भने उचाइ कम्तीमा ५ फिट १ इन्च हुनुपर्नेछ । 'नेपाली महिलालाई सशक्त बनाउँदै, आगामी पुस्तालाई सशक्त बनाउने' भन्ने नारासहित यस वर्षको प्रतियोगिता आयोजना हुँदैछ ।



# नेपाल 'ए' क्रिकेट टिमले पनि ओमान, स्कटल्यान्ड र अमेरिकासँग खेल्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल 'ए' क्रिकेट टिमले पनि ओमान, स्कटल्यान्ड र अमेरिकासँग एकदिवसीय खेलहरू खेल्ने भएको छ । नेपालमा हुने लिग २ का आगामी दुई शृंखलाका क्रममा नेपालको 'ए' टोलीले पनि खेल्ने भएको हो । नेपाल क्रिकेट संघ (क्यान) ले मुलपानी क्रिकेट मैदानमा हुने खेलहरूको तालिका सार्वजनिक गरेको छ ।

जसअनुसार नेपाल 'ए' ले तीनै टोलीसँग दुई-दुई खेल खेल्ने छ । तालिका अनुसार नेपाल 'ए' ले पहिलो दुई खेल ओमानसँग अप्रिल २२ र २४ मा खेल्नेछ। त्यसपछि मे ६ र ९ मा स्कटल्यान्ड तथा मे ७ र ११ मा अमेरिकासँग प्रतिस्पर्धा गर्नेछ ।

नेपाल 'ए' ले पछिल्लोपटक भारतमा गएर आसामसँग टी-२० शृंखला खेलेको थियो । यस शृंखलामा खेल्ने नेपाल ए को टोली भने घोषणा हुन बाँकी छ । लिग २ मा नेपालको पुरुष राष्ट्रिय क्रिकेट टिमले ओमान र यूएईसँग अप्रिल २५ देखि मे ५ सम्म खेल्दैछ । त्यस्तै स्कटल्यान्ड र अमेरिकासँग मे १२ देखि २२ सम्म खेल्दैछ ।

# आइटिएफ एसिया १२ एन्ड अन्डर टेनिस अप्रिल १३ देखि

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल टेनिस संघ (एनटिए)को आयोजनामा यही अप्रिल १३ देखि आइटिएफ एसिया १२ एन्ड अन्डर टेनिस प्रतियोगिता हुने भएको छ । आयोजक एनटिएले बिहीबार पत्रकार सम्मेलनमार्फत प्रतियोगिताका बारेमा जानकारी गरायो ।

दक्षिण एसियाका सात राष्ट्रको सहभागिता रहने प्रतियोगिता चार दिनसम्म चल्नेछ । सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुने प्रतियोगितामा नेपाल, भुटान, भारत, माल्दिभ्स, श्रीलंका र पाकिस्तानका कूल ३३ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । यो प्रतियोगिता सिंगापुरमा आउँदो सेप्टेम्बर १५ देखि २० सम्म हुने एसियाली फाइनलको दक्षिण एसियाली क्षेत्रीय छनोट समेत हो ।

प्रतियोगितामा नेपालबाट पुरुषतर्फ आरित मल्ल, सभ्य जंग कार्की र सहंश बस्तेतले प्रतिनिधित्व गर्नेछन् । त्यस्तै महिलातर्फ सारा पन्त, आर्या पौडेल र नायर सिंह घलेले नेपालको जर्सी लगाउनेछन् । पुरुष टोलीलाई सूर्य भुषण बज्राचार्य र महिला टोलीलाई कान्छा खड्गीले नेतृत्व गर्दैछन् ।

# 'पोखरा ओपन एथलेटिक्स मिट' शनिबारदेखि

■ प्रभाव संवाददाता

**गण्डकी–** कास्की जिल्ला एथलेटिक्स संघको आयोजनामा शनिबारदेखि दोस्रो संस्करणको 'पोखरा ओपन एथलेटिक्स मिट-२०२६' सञ्चालन हुने भएको छ । पोखरा रंगशालामा हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको संघद्वारा बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

तीन दिनसम्म चल्ने उक्त प्रतियोगितामा देशभरबाट करिब तीन सय खेलाडी सहभागी हुने संघका सचिव एवं प्रतियोगिता संयोजक सिद्धान्त अधिकारीले जानकारी दिए । प्रतियोगितामा सातै प्रदेशका खेलाडीसहित विभागीय टोली नेपाल आर्मी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका खेलाडी सहभागी हुने छन् ।

'पोखरा ओपन एथलेटिक्स मिट' तर्फ पुरुष र महिला गरी जम्मा ३० विधामा प्रतिस्पर्धा हुने बताइएको छ । सोही अवसरमा नेपाल एथलेटिक्स संघको आयोजना र कास्की जिल्ला एथलेटिक्स संघको समन्वयमा चौथो संस्करणको 'यू-२० नेशनल एथलेटिक्स मिट-२०२६' सञ्चालन गरिने भएको छ ।

सो प्रतियोगितामा पुरुष र महिला गरी २४ विधामा प्रतिस्पर्धा हुनेछ । यस प्रतियोगितामा सातै प्रदेशबाट १० पुरुष र १० महिला गरी एक सय ४० खेलाडी तथा १४ प्रशिक्षक/व्यवस्थापकसहित एक सय ५४ जनाको सहभागिता रहने जनाइएको छ । 'पोखरा ओपन एथलेटिक्स मिट-२०२६' तथा 'यू-२० नेशनल एथलेटिक्स मिट-२०२६' तर्फ प्रत्येक विधामा प्रथम, द्वितिय र तृतीय हुने खेलाडीलाई मेडल, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरिनेछ । संघका अध्यक्ष गजबहादुर गुरुङले 'पोखरा ओपन एथलेटिक्स मिट-२०२६' का लागि रु १६ लाख र 'यू-२० नेशनल एथलेटिक्स मिट-२०२६' का लागि रु २२ लाख खर्च हुने अनुमान गरिएको बताए ।

प्रधानमन्त्री कप क्रिकेट

# पुलिसद्वारा कर्णाली पराजित

**काठमाडौं (प्रस)–** विभागीय टोली नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेशलाई पराजित गरेको छ ।

बिहिबार विरगञ्जको टिबी साह क्रिकेट मैदानमा सम्पन्न खेलमा पुलिसले कर्णालीलाई ४८ रनले हराएको हो । पुलिसले दिएको २६२ रनको लक्ष्य पछ्याएको कर्णाली ४५.२ ओभरमा २१३ रनमा अल आउट भयो । कर्णालीका अर्जुन घर्ती सर्वाधिक ४६ रन बनाएर आउट भए । उनले ५६ बलको सामना गरेर २ चौका र २ छक्का प्रहार गरे । सुनिल धमला ३४, विपिन रावल २८ तथा कप्तान दिवान पुन र दिनेश अधिकारी समान १६ रनमा आउट भए ।

पुलिसका लागि ललित राजवंशीले ९.२ ओभरमा ३६ रन खर्चिएर ५ विकेट लिए । करण केसीले ३ तथा दिपक चन्द र कप्तान आरिफ शेखले समान १ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको पुलिसले ५० ओभरमा ८ विकेट गुमाएर २६१ रनको योगफल तयार गरेको थियो । पुलिसका लागि ओपनर दिनेश खरेलले सर्वाधिक ८२ रनको अर्धशतकीय इनिङ खेल्दै आउट भए । उनले १०० बलको सामना गरेर ९ चौका र १ छक्का प्रहार गरे ।

अमित श्रेष्ठले ३०, कप्तान आरिफ शेखले २७, दिल्साद अलि २३ तथा शंकर राना १८ रनमा आउट हुँदा करण केसी भने २१ रनमा अविजित रहे । कर्णालीका लागि प्रकाश जैसीले ३ तथा दिनेश अधिकारी र अनुज चनाराले समान २ विकेट लिए । पुलिस ७ खेलमा चौथो जित हात पारेर अंक तालिकाको तेस्रो स्थानमा रहँदा कर्णालीको ८ खेलबाट ३ अंक मात्र रहेको छ ।



भारतस्थित आसाम विधानसभाको चुनावमा मतदान गर्न ढुंगा चढेर ब्रह्मपुत्र नदी पार गर्दै मानिसहरू । *तस्बिर: एएफपी*

# क्लस्टर वारहेडसहित उत्तर कोरियाको परीक्षण




**सियोल–** उत्तर कोरियाले पछिल्लो हतियार परीक्षणमा क्लस्टर-बम वारहेड जडित ब्यालेस्टिक मिसाइलहरू प्रयोग गरेको दाबी गर्दै आफ्नो सैन्य क्षमता थप आक्रामक ढंगले विस्तार गरिरहेको संकेत दिएको छ । यस कदमले दक्षिण कोरियामाथि दबाब बढाउनेमात्र नभई, कोरियाली प्रायद्वीपमा तनाव अझ चर्काउने देखिएको छ ।

उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले सार्वजनिक गरेको विवरणअनुसार सोमबारदेखि सुरु भएको तीनदिने परीक्षण क्रममा विभिन्न नयाँ हतियार प्रणालीहरूको प्रदर्शन गरिएको थियो । यसमा विमानविरोधी प्रणाली, कथित विद्युत् चुम्बकीय हतियार तथा कार्बन फाइबर बमसमेत समावेश गरिएको उल्लेख छ । विशेषगरी आणविक क्षमता बोकेको ह्वासोङ-११ ब्यालेस्टिक मिसाइलमा जडान गरिएको क्लस्टर वारहेड प्रणालीलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ ।

यो जानकारी दक्षिण कोरियाली सेनाले उत्तर कोरियाले दुई दिनभित्रै दोस्रो चरणको प्रक्षेपणमा पूर्वी तटीय क्षेत्रबाट बहुविध क्षेप्यास्त्र प्रहार गरेको पत्ता लगाएको एक दिनपछि सार्वजनिक भएको हो । दक्षिण कोरियाको संयुक्त सेना प्रमुखको कार्यालयका अनुसार ती मिसाइलहरू २४० देखि ७०० किलोमिटरसम्म उडेका थिए र समुद्रमा खस्नुअघि विभिन्न दूरी तय गरेका थिए । कम्तीमा एउटा प्रक्षेपण प्योङयाङ नजिकबाट गरिएको पुष्टि गरिएको छ ।

जापानको रक्षा मन्त्रालयले भने यी प्रक्षेपणहरू आफ्नो विशेष आर्थिक क्षेत्रभित्र नपरेको जनाएको छ । त्यस्तै, अमेरिकी सेनाले पनि ती परीक्षणहरूले तत्कालका लागि अमेरिका वा उसका सहयोगी राष्ट्रहरूलाई प्रत्यक्ष खतरा नदेखिएको प्रतिक्रिया दिएको छ ।

उत्तर कोरियाली दाबीअनुसार, क्लस्टर वारहेड जडित छोटो दूरीका मिसाइलहरूले ६.५ देखि सात हेक्टर क्षेत्रभित्रका लक्ष्यहरूलाई 'उच्च घनत्वको आक्रमण'मार्फत पूर्णरूपमा ध्वस्त पार्न सक्ने क्षमता राख्छन् । यस्तो डिजाइन रूसी इस्काण्डर मिसाइल प्रणालीसँग मिल्दोजुल्दो रहेको पनि जनाइएको छ, जसले मिसाइल प्रतिरक्षा प्रणाली छल्ने उद्देश्य राख्छ ।

दक्षिण कोरियाका संयुक्त सेना प्रमुखका प्रवक्ता जाङ डो-यङले भने यी प्रक्षेपणहरूको विस्तृत विश्लेषण भइरहेको जानकारी दिए । उनका अनुसार अमेरिका र जापानसँग समन्वय गरी सूचना आदानप्रदान भइरहेको छ, तर उत्तर कोरियाले दाबी गरेअनुसारको प्राविधिक प्रगतिको स्तरबारे तत्काल निष्कर्ष निकाल्न सकिने अवस्था नरहेको बताए ।

यी गतिविधिले उत्तर र दक्षिण कोरियाबीचको सम्बन्ध थप चिसिएको संकेत दिएका छन् । प्योङयाङले सियोलको वर्तमान सरकारप्रति कटु टिप्पणी गर्दै आफूहरूका लागि दक्षिण कोरिया 'सबैभन्दा शत्रुतापूर्ण राष्ट्र' नै रहने दोहोर्‍याएको छ । उत्तर कोरियाका विदेश मन्त्रालयका प्रथम उपमन्त्री जाङ कुम चोलले वार्ता पुनः सुरु गर्ने प्रयासलाई व्यंग्य गर्दै कडा अभिव्यक्ति दिए ।


उत्तर कोरियाली नेता किम जोङ-उनले सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता असफल भएपछि वासिङ्टन र सियोलसँगको कूटनीतिक संवाद प्रायः बन्द गरेका थिए । त्यसयता उनले आणविक क्षमता भएका मिसाइलहरूको विकासलाई तीव्र बनाउँदै अमेरिका र उसका सहयोगीहरूलाई लक्षित रणनीति अघि बढाइरहेका छन् ।

यसैक्रममा, उत्तर कोरियाले आफ्नो कूटनीतिक पहुँच विस्तार गर्ने प्रयास पनि जारी राखेको छ । सरकारी सञ्चारमाध्यमका अनुसार चिनियाँ विदेशमन्त्री वाङ यी दुई दिने भ्रमणका लागि बिहीबार प्योङयाङ पुग्ने कार्यक्रम रहेको छ, जसलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ । *रासस/एपी*

# लेबनान आक्रमणले युद्धविराम संकटमा

**संयुक्त राष्ट्रसंघ–** लेबनानमा इजरायलले गरिरहेको घातक सैन्य आक्रमणले अमेरिका-इरानबीच हालै सहमति भएको नाजुक युद्धविरामलाई गम्भीर जोखिममा पारेको भन्दै संयुक्त राष्ट्रसंघले तीव्र चिन्ता व्यक्त गरेको छ । द्वन्द्व थप चर्किने संकेत देखिएपछि कूटनीतिक प्रयासहरू कमजोर बन्दै गएको मूल्यांकन गरिएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्तामार्फत जारी वक्तव्यमा लेबनानमा जारी सैन्य गतिविधिले युद्धविराममात्र नभई, क्षेत्रीय स्थायित्व र दीर्घकालीन शान्ति स्थापनाका प्रयासहरूलाई समेत गम्भीर चुनौती दिएको उल्लेख गरिएको छ । महासचिवले सबै पक्षलाई तत्काल शत्रुता अन्त्य गरी वार्ताको बाटो रोज्न पुनः आह्वान गरेको प्रवक्ताले जनाए ।



लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुधबार भएको इजरायली आक्रमणमा कम्तीमा १८२ जनाको ज्यान गएको छ भने ८९० जना घाइते भएका छन् । राजधानी बेरुत केन्द्रित यस बमबारीलाई इजरायल-हिजबुल्लाहबीचको हालको द्वन्द्व सुरु भएयताकै सबैभन्दा भीषण आक्रमण मानिएको छ ।

क्षेत्रीय तनाव अमेरिका-इरानबीचको टकरावसँग जोडिएर थप जटिल बनेको छ । इरान समर्थित समूहहरूले इजरायललाई निशाना बनाएपछि लेबनान पनि युद्धको घेरामा तानिएको हो । यसैबीच, इरान र संयुक्त राज्य अमेरिका दुई साताको युद्धविराममा सहमत भए पनि इजरायलले लेबनानमा भइरहेको सैन्य कारबाही उक्त सहमतिको हिस्सा नभएको स्पष्ट पारेको छ ।

हिजबुल्लाहले इजरायलतर्फ रकेट प्रहार गरेपछि स्थिति थप तनावपूर्ण बनेको छ । इरानको संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबाफलेसमेत युद्धविराममाथि प्रश्न उठाउने अभिव्यक्ति दिएको देखिएको छ । संयुक्त राष्ट्रसंघले बढ्दो नागरिक हताहतीप्रति गहिरो दुःख व्यक्त गर्दै सर्वसाधारणमाथि भएको क्षतिको कडा निन्दा गरेको छ । 'द्वन्द्वको कुनै सैन्य समाधान छैन' भन्दै महासचिवले पुनः कूटनीतिक पहललाई प्राथमिकता दिन आग्रह गरेका छन् ।

यसअघि संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टर्क तथा अन्तर्राष्ट्रिय रेड क्रस समितिले लेबनानमा भएको व्यापक हत्या र विनाशलाई 'भयावह' भन्दै आलोचना गरेका थिए । टर्कले इरानसँग युद्धविराम सहमति भएको केही घण्टामै यस्तो हिंसा हुनु विश्वासमाथिको गम्भीर आघात भएको टिप्पणी गरेको थियो ।

उता, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि लेबनानलाई समेट्नेगरी व्यापक युद्धविरामको पहल गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेको छ । *रासस/एएफपी*

# पश्चिम एसिया युद्धः तनाव, वार्ता र अनिश्चितता



**पेरिस–** अमेरिका-इरानबीच युद्धविराम सहमति भए पनि पश्चिम एसियामा हिंसा रोकिएको छैन । लेबनानमा तीव्र आक्रमण, इजरायल-हिजबुल्लाहबीच प्रतिकारात्मक कारबाही, तथा कूटनीतिक पहलहरू एकसाथ अघि बढिरहेका छन्, जसले क्षेत्रीय शान्ति अझै अनिश्चित रहेको स्पष्ट संकेत दिएको छ ।

इरान समर्थित सशस्त्र समूह हिजबुल्लाहले बिहीबार इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ । उसले यस कदमलाई अमेरिका-इरान युद्धविरामको 'उल्लंघन'विरुद्धको प्रतिक्रिया भनेको छ । एक दिन अघिमात्र लेबनानभरि भइरहेको इजरायली आक्रमणको घातक शृंखलाप्रति प्रतिक्रिया दिने 'अधिकार' रहेको उसले सार्वजनिकरूपमा बताएको थियो ।

यसैबीच, इरानले रणनीतिकरूपमा अत्यन्त महत्त्वपूर्ण मानिने होरमुज जलडमरूमध्य क्षेत्रमा समुद्री जोखिम बढेको भन्दै जहाजहरूका लागि वैकल्पिक समुद्री मार्ग घोषणा गरेको छ । सो मार्गमार्फत आवतजावतका लागि नयाँ निर्देशिकासमेत सार्वजनिक गरिएको छ, जसले क्षेत्रीय व्यापार र ऊर्जा आपूर्तिमा असर पार्ने संकेत देखाएको छ ।

लेबनानमा भएको आक्रमणप्रति अन्तर्राष्ट्रिय रेड क्रस समितिले तीव्र आक्रोश व्यक्त गरेको छ । लेबनानस्थित प्रतिनिधिमण्डल प्रमुख एग्नेस धुरले नागरिकहरू युद्धविरामको प्रतीक्षामा रहेका बेला भएको 'विनाशकारी आक्रमण'ले देशलाई त्रास र अराजकतामा धकेलेको बताए ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने अमेरिका र इरानका नेताहरूसँग संवाद गर्दै लेबनानलाई समेत युद्धविरामको दायरामा समेट्न आग्रह गरेको छ । उनले सबै संघर्षग्रस्त क्षेत्रहरूमा युद्धविरामको पूर्णपालना हुनुपर्नेमा जोड दिए ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुधबार इजरायली आक्रमणमा कम्तीमा १८२ जनाको मृत्यु भएको छ भने ८९० जना घाइते भएका छन् । राजधानी बेरुतले हालसम्मकै सबैभन्दा भीषण बमबारी झेलेको जनाइएको छ । इजरायली रक्षामन्त्रीले भने हिजबुल्लाहका संरचनाहरू लक्षित गरी आक्रमण गरिएको र यसलाई सन् २०२४ पछि उक्त समूहविरुद्धकै ठूलो कारबाही भएको दाबी गरे ।

उता, तेहरानमा बसोबास गर्ने सर्वसाधारणमा मिश्रित प्रतिक्रिया देखिएको छ । केहीले युद्धविराम दिगो नहुने चिन्ता व्यक्त गरेका छन् भने धेरैले हप्तौंको तनावपछि राहत महसुस गरेको बताएका छन् । ५० वर्षीया गृहिणी साकिनेह मोहम्मदीले आफूहरू अहिले 'धेरै सहज' भएको र देशप्रति गर्व लागेको बताइन् ।

आर्थिक क्षेत्रमा भने युद्धविरामको प्रभाव देखिन थालेको छ । तेल तथा ग्यासको मूल्य घटेको छ भने विश्व सेयर बजारमा सुधार आएको छ । डाउ जोन्स इण्डस्ट्रियल एभरेज करिब २.९ प्रतिशतले बढेको छ भने प्रमुख तेल सम्झौता करिब १५ प्रतिशतले घटेर प्रतिब्यारेल ९५ डलरमा झरेको छ । यसले होरमुज जलडमरूमध्य पुनः खुल्न सक्ने अपेक्षा बलियो बनाएको छ ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियानले लेबनानमा इजरायली आक्रमण रोक्नु क्षेत्रीय युद्ध अन्त्यका लागि प्रस्तुत १० बुँदे योजनाको मुख्य सर्त भएको बताएका छन् । इजरायलले हिजबुल्लाहविरुद्ध ठूलो आक्रमण सुरु गरेपछि उनको यस्तो धारणा सार्वजनिक भएको हो ।

यसै सन्दर्भमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इस्लामाबादमा हुने वार्तामा अमेरिकी टोलीको नेतृत्व गर्ने तयारी गरेको छ । उनीसँगै विशेष दूत स्टिभ विटकफ र जारेड कुसनर पनि सहभागी हुने बताइएको छ । भान्सले इरानलाई लेबनानमा युद्धविराम अवरुद्ध नगर्न आग्रह गर्दै त्यहाँको द्वन्द्व हालको सहमतिको हिस्सा नभएको स्पष्ट पारे ।

संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले लेबनानमा भइरहेको हिंसालाई 'भयावह' भन्दै कडा आलोचना गरेको छ । उनले युद्धविराम सहमति भएको केही घण्टामै भएको यस्तो आक्रमणले विश्वासमाथि गम्भीर चोट पुर्‍याएको बताए । रेड क्रसले पनि यस घटनाबाट 'गहिरो आक्रोश' व्यक्त गरेको छ ।

यता, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने आवश्यक परे इरानविरुद्ध पुनः युद्धमा फर्कन आफूहरू तयार रहेको स्पष्ट पारेका छन् । 'हामीसँग अझै पूरा गर्न बाँकी लक्ष्यहरू छन् र ती हामी सम्झौता वा लडाइँमार्फत पूरा गर्नेछौं,' उनले टेलिभिजन सम्बोधनमा भने । *रासस/एएफपी*

# अमेरिका-इरान वार्ताअघि इस्लामाबाद बन्द

**इस्लामाबाद–** अमेरिका-इरानबीच हुन लागेको संवेदनशील उच्चस्तरीय वार्ताको पूर्वसन्ध्यामा पाकिस्तानले राजधानी इस्लामाबादमा दुई दिनको आकस्मिक स्थानीय बिदा घोषणा गरेको छ । यसलाई सुरक्षा तयारीसँग जोडेर हेरिएको छ ।

बिहीबारदेखि लागू हुनेगरी गरिएको यस निर्णयबारे इस्लामाबाद जिल्ला प्रशासनले बुधबार राति सूचना जारी गर्दै औपचारिक कारण खुलाएको छैन । तथापि, राजधानीका अधिकारीहरूले विगतमा पनि उच्चस्तरीय कूटनीतिक गतिविधिहरूअघि सुरक्षा संवेदनशीलता ध्यानमा राख्दै यस्ता बिदा वा प्रतिबन्धहरू लागू गर्ने अभ्यास दोहोर्‍याउँदै आएका छन् ।

पाकिस्तान हाल पश्चिम एसियामा जारी तनावका सन्दर्भमा अमेरिका र इरानबीच हुने वार्ताको तयारीमा जुटिरहेको छ । ह्वाइट हाउसका अनुसार अमेरिकी उपराष्ट्रपति जेडी भान्सले आज शुक्रबार इस्लामाबादमा हुने वार्ताका लागि प्रतिनिधिमण्डलको नेतृत्व गर्ने कार्यक्रम रहेको छ । उक्त वार्तालाई क्षेत्रीय स्थिरतासँग जोडेर महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

बिहीबारदेखि सुरु भएको बिदा आज इस्लामाबाद राजधानी क्षेत्रभित्र मात्र लागू हुने इस्लामाबाद जिल्ला प्रशासनले जनाएको छ । यस अवधिमा सरकारी तथा निजी कार्यालयहरू बन्द रहने छन्, जसले राजधानीको गतिविधिमा उल्लेखनीय प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

यद्यपि, प्रशासनले अत्यावश्यक सेवाहरू निरन्तर सञ्चालनमा रहने स्पष्ट पारेको छ । प्रहरी, अस्पताल, विद्युत् तथा ग्यास आपूर्ति गर्ने निकायहरू खुला रहने छन् । 'आवश्यक सेवाहरू सञ्चालनमा रहने छन्' भन्दै उपायुक्तको कार्यालयले सामाजिक सञ्जालमार्फत बासिन्दाहरूलाई आफ्ना दैनिक गतिविधिहरू सोहीअनुसार योजना बनाउन आग्रह गरेको छ ।

यस कदमलाई पाकिस्तानले अन्तर्राष्ट्रिय कूटनीतिक मञ्चमा आफूलाई मध्यस्थकर्ताको रूपमा प्रस्तुत गर्ने प्रयासका रूपमासमेत व्याख्या गरिएको छ, जहाँ सुरक्षा व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको देखिन्छ । *रासस/एएफपी*

# मूल्य चापबीच मल अनुदान बढाउँदै भारत

**नयाँदिल्ली–** पश्चिम एसिया युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य तीव्र रूपमा बढेपछि भारतले आफ्नो कृषि क्षेत्रलाई जोगाउन मलमा दिइने अनुदान उल्लेखनीय रूपमा बढाएको छ । सरकारको यो कदम खाद्य सुरक्षासँगै ठूलो कृषिजन्य जनसंख्यालाई राहत दिने प्रयासका रूपमा हेरिएको छ ।

सरकारले गत वर्षको तुलनामा मल अनुदान करिब ११ प्रतिशतले वृद्धि गरेको जनाएको छ । भारतमा कृषि क्षेत्रले कूल जनसंख्याको ४५ प्रतिशतभन्दा बढीलाई जीविकोपार्जन उपलब्ध गराउँदै आएको छ, जसले यसलाई आर्थिकमात्र नभई राजनीतिकरूपमा पनि अत्यन्त प्रभावशाली बनाएको छ ।

मन्त्रिपरिषद्ले जारी गरेको विज्ञप्तिमा मल कम्पनीहरूलाई स्वीकृत दरअनुसार अनुदान उपलब्ध गराइने र त्यसबाट किसानहरूले सस्तो मूल्यमा मल पाउने सुनिश्चित गरिने उल्लेख गरिएको छ । सरकारले विशेषगरी अन्तर्राष्ट्रिय बजारमा मल र युरियाजस्ता कच्चा पदार्थको मूल्यमा आएको उतारचढावलाई ध्यानमा राख्दै पोषकतत्वमा आधारित अनुदान (एनबिएस) दर स्वीकृत गरेको जनाएको छ ।

यस निर्णयअनुसार आगामी ग्रीष्मकालीन बालीका लागि करिब चार खर्ब १५ अर्ब रूपैयाँ (चार अर्ब ४८ करोड अमेरिकी डलर) बराबरको योजना लागू गरिने छ । योजना छ महिनासम्म प्रभावमा रहने छ । यसले उत्पादन लागत बढिरहेका बेला किसानहरूलाई राहत दिने अपेक्षा गरिएको छ ।

अन्तर्राष्ट्रियस्तरमा भने युद्धको असर अझ व्यापक देखिएको छ । विश्व व्यापार संगठनले हालै चेतावनी दिँदै पश्चिम एसिया द्वन्द्वका कारण मल आपूर्तिमा अवरोध आएको र त्यसले विश्वव्यापी खाद्य सुरक्षामा दोहोरो खतरा निम्त्याएको जनाएको थियो ।

विशेषगरी होरमुज जलडमरूमध्यमा इरानले लगाएको प्रतिबन्धले तेल, ग्याससँगै मल ढुवानीमासमेत अवरोध सिर्जना गरेको छ । सामान्य अवस्थामा विश्वको करिब एकतिहाइ मल यही मार्ग हुँदै ओसारपसार हुने गर्छन् । यस्तो अवरोधले दीर्घकालीनरूपमा खाद्य उत्पादनमा गम्भीर असर पार्न सक्ने भन्दै विज्ञहरूले चेतावनी दिँदै आएका छन् ।

अन्तर्राष्ट्रिय द्वन्द्वको प्रभाव सीधै कृषि क्षेत्रमा पर्न थालेपछि भारतले अनुदान विस्तारमार्फत आन्तरिक उत्पादन र आपूर्ति सन्तुलन कायम राख्ने रणनीति अघि सारेको देखिन्छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २९४७०० | प्रति तोला – ० | प्रति तोला – ४८७५ |



**नेपालकै लामो पुल** | बागलुङको बांगेचौर र पर्वतको अदुवाबारी जोड्ने नेपालकै लामो झोलुंगे पुल तर्दै गरेका पर्यटक। ५६७ मिटर लामो यो पुलमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ।

*तस्बिर : डम्मर बुढामगर/रासस*

# महासंघ साधारणसभा रोक्न अदालतको आदेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** उच्च अदालत पाटनले नेपाल उद्योग बाणिज्य महासंघको ६०औं वार्षिक साधारणसभा रोक्न अन्तरिम आदेश दिएको छ।

बिहीबार अदालतले अन्तरिम आदेश जारी गर्दै चैत २९ र ३० मा हुन लागेको निर्वाचन र ६० औं वार्षिक साधारणसभा रोक्न भनेको हो।

पेट्रोलियम ढुवानी व्यवसायी महासंघको सदस्यताका कारण उक्त निर्वाचन रोक्न भन्दै मुद्दा परेको थियो। उक्त मुद्दाको सुनुवाई गर्दै चैत २३ गते उच्च अदालत पाटनले निर्वाचन रोक्न आदेश दिएको थियो। सोही आदेशलाई निरन्तरता दिँदै बिहीबार अन्तरिम आदेश दिएको हो।




न्यायाधीश खड्कबहादुर केसी र दीपक खनालको संयुक्त इजलासले महासंघलाई साधारणसभा नगर्न आज अन्तरिम आदेश जारी गरेको हो।

अदालतको आदेश लगत्तै निर्वाचन समितिले निर्वाचन स्थगन भएको सूचना निकालेको हो।

सदस्यता विवादमा नेपाल उद्योग बाणिज्य महासंघलाई विपक्षी बनाएर मुद्दा दायर गरिएको थियो। अदालतको उच्च आदेशसँग महासंघको निर्वाचन अन्योलमा परेको छ

# कृषिमन्त्रीद्वारा कालीमाटी बजारको अनुगमन

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गिता चौधरीले कालीमाटीस्थित फलफूल तथा तरकारी बजारको स्थलगत निरीक्षण गरेकी छिन्।

बजार व्यवस्थापनमा कमजोरी भएको बारे गुनासो आएपछि मन्त्री चौधरीले बिहीबार कालीमाटी पुगेर तरकारी बजारको अनुगमन गरेकी हुन्। बजार अनुगमनका क्रममा इजाजतपत्र लिएका व्यवसायीको नाममा अन्य व्यक्तिले भाडामा लिएर पसल सञ्चालन गरेको पाइएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ। साथै, विषादी परीक्षण नभई तरकारी उपभोक्तासम्म पुग्ने गरेको, बिलविजकमा अनियमितता, इजाजतपत्र नवीकरण नगरेका पसल सञ्चालनमा रहेको जस्ता समस्या भेटिएका छन्।

मन्त्री चौधरीले कालीमाटी बजारअन्तर्गत थोक बजारका ६१०, ६४५, ६९३, ७०१, ७०४, ७११, ७१८ नम्बरलगायतका पसलमा निरीक्षण गर्दा इजाजत लिएका व्यवसायी स्वयं उपस्थित नभएको पाइएको छ। कतिपय स्थानमा एकै दर्तामा दुइदेखि तीन जनाले व्यवसाय सञ्चालन गरेको भेटिएको छ।

त्यस्तै, माछा पसलमा पनि उस्तै प्रवृत्ति देखिएको मन्त्री चौधरीले २४, १३ 'ख', ११ 'क', १०, ११, १० 'ख' नम्बरका माछा पसलको निरीक्षण गरिन्। निरीक्षणका क्रममा चार व्यापारीले आपूर्तिकर्ताबाट ल्याइएको माछा सोही बजारमा थोक रूपमा बिक्री गर्ने क्रममा बिलविजकमा अनियमितता प्रयोग गरेको पाइएको छ।

मन्त्री चौधरीले बजार व्यवस्थापनमा देखिएका अनियमितता तुरुन्त सुधार गर्न सम्बन्धित निकायलाई निर्देशन दिइन्। साथै, उपभोक्ताको स्वास्थ्य र अधिकारमा असर पर्ने गतिविधि कडाइका साथ नियन्त्रण गरिने मन्त्री चौधरीको सचिवालयले जनाएको छ।

# ४८ अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको अन्तिम कारोबार दिन बिहीबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च वृद्धि देखिएको छ। नेप्से परिसूचक ४८.७१ अङ्कले बढेर २८५१.२४ को विन्दुमा पुगेर बन्द भएको छ। बजारमा तीव्र उत्साह देखिँदा कारोबार रकम पनि उच्च रहेको छ। दिनभरिमा ३३८ कम्पनीका २ करोड ७९ लाख कित्ता सेयर १ लाख ८ हजार ८६९ पटक किनबेच हुँदा कुल ९ अर्ब ९१ करोड रूपैयाँ बराबरको कारोबार भएको छ।

बजारमा अधिकांश कम्पनीको सेयर मूल्य बढेको छ। कूल २७९ कम्पनीको कारोबार भएकोमा २५१ कम्पनीको मूल्य बढेको छ भने १६ कम्पनीको मात्र घटेको छ। १ कम्पनीको मूल्य भने स्थिर रह्यो। सबै उपसूचक बढेका छन्। सबैभन्दा धेरै अन्य समूह ३.४३ प्रतिशतले बढ्दा सबैभन्दा कम म्युचुअल फण्ड ०.१३ प्रतिशतले बढेको छ। ८ वटा कम्पनीको सेयर मूल्यमा १० प्रतिशतको सकारात्मक सर्किट लागेको छ। यसमा आत्मनिर्भर लघुवित्त, रिलायन्स स्पिनिङ मिल्स, भुजुङ हाइड्रोपावर, रिज इनर्जी, सोलु हाइड्रोपावर, होटल फरेस्ट इन, सुपर खुदी हाइड्रोपावर र सूर्यकुण्ड हाइड्रोपावर रहेका छन्।

कारोबार रकमका आधारमा नेशनल हाइड्रोपावर शीर्ष स्थानमा रह्यो, जसको ४३ करोड ४७ लाख ६६ हजार रूपैयाँ बराबरको सेयर कारोबार भयो। यस्तै, रिडी पावर, हिमालयन रिइन्स्योरेन्स, एनआरएन इन्फ्रास्ट्रक्चर र एसवाई प्यानल पनि सर्वाधिक कारोबार हुने उत्कृष्ट पाँच कम्पनीमा परेका छन्।

# किसानलाई दुई लाखसम्म अनुदान

**इलाम (प्रस)–** माइजोगमाई गाउँपालिकामा सञ्चालित 'उपाध्यक्षसँग युवा उद्यमी' कार्यक्रमबाट स्थानीयस्तरमै रोजगारी सिर्जना भएको छ। यसका लागि दुग्ध तथा घ्यू प्रशोधन, कोदोको बिस्कुट उत्पादन र यस वर्ष ललिपप निर्माण तथा दुग्ध उत्पादन प्रशोधनसम्बन्धी तालिम सञ्चालन गरिएको थियो।

गाउँपालिकाले कार्यक्रममार्फत मौरीपालन, अलैंचीखेती, पशुपालन, ब्युटीपार्लर तथा बिस्कुट उत्पादनजस्ता क्षेत्रमा उत्कृष्ट काम गर्ने उद्यमीलाई अधिकतम रु दुई लाखसम्म अनुदान दिएको थियो। गाउँपालिकाका उपाध्यक्ष प्रवीना उपाध्यक्ष राईले भनिन्, 'व्यवसायमै सक्रिय उद्यमीलाई सामग्री तथा नगद सहयोग गर्ने गरेका छौं। हाम्रो मुख्य उद्देश्य स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नु हो।' पहिलो वर्ष दुग्ध तथा घ्यु प्रशोधन तालिम दिएपछि वडा नं १ का तुलबहादुर लिम्बूको कृषि तथा डेरी उद्योग, वडा नं २ की रेखा रिजालको पाण्डे डेरी उद्योग र वडा नं ६ का इन्द्र थेबेको एनएस डेरी उद्योगलाई सामग्री सहयोग गरिएको थियो।

उक्त कार्यक्रमअन्तर्गत गत वर्ष कोदोको बिस्कुट उत्पादनसम्बन्धी तालिम दिइएर उत्कृष्ट छ व्यवसायलाई प्रोत्साहित गर्न नगद अनुदान दिइएको थियो। वडा नं १ की पार्वती भट्टराईले सञ्चालन गरेको भट्टराई बिस्कुट बेकरी उद्योगलाई वस्तुगत सहायता अनुदान दिइएको छ। त्यसैगरी वडा नं ३ का रुद्रकुमार सञ्जेलको गहिरीगाउँ जैविक कृषि फार्म, वडा नं ४ का सनबहादुर लिम्बूको सुनौलो कृषि तथा पशुपालन फर्म, वडा नं ५ का लक्ष्मण खत्रीको कुशिका एकीकृत कृषि तथा पशुपन्छी फर्म, वडा नं १ की कञ्चन आचार्यको कञ्चन ब्युटीपार्लर तथा प्रशिक्षण केन्द्र र वडा नं ३ का लक्ष्मी तामाङ र पुजन प्रधानले सञ्चालन गरेको पशुपति पशुपालन तथा कृषि फर्मलाई नगद अनुदान प्रदान गरिएको थियो।

यस वर्ष ललिपप निर्माण तथा दुग्ध प्रशोधनसम्बन्धी तालिम ३० जनाले लिइएका छन्। अब उक्त सीपलाई व्यावसायिक बनाउनेलाई अनुदान दिने गाउँपालिकाले जनाएको छ। कार्यक्रमले गाउँका युवालाई विदेश होइन, आफ्नै माटोमै सम्भावना खोज्न प्रेरित गरिरहेको गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेबेले बताए।

# भक्तपुरमा दशौं कृषि तथा व्यापार महोत्सव

■ प्रभाव संवाददाता

**भक्तपुर–** नयाँ वर्ष २०८३ सालको अवसरमा भक्तपुरमा 'दशौं भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव-२०८२/८३' बिहीबारदेखि सुरु भएको छ।

औद्योगिक शान्ति नेपाल संस्थाले बिहीबारदेखि भक्तपुरको सल्लाघारीमा आयोजना गरेको महोत्सवमा १८० विभिन्न प्रदर्शनी कक्ष रहेको संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिए। उनले उपभोक्तालाई एकै स्थानमा दैनिक उपभोग्य तथा सम्पूर्ण सामान उपलब्ध गराउने उद्देश्यले नयाँ वर्षको अवसरमा बृहत् औद्योगिक तथा व्यापार महोत्सव आयोजना गरेको बताए।

महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नका सामग्री, विभिन्न प्रकारका लत्ताकपडा, जुत्ताहरू, कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनी एवं बिक्रीका लागि राखिएको उनले बताए।




औद्योगिक उत्पादनको प्रदर्शनी, हस्तकलाका प्रदर्शनी, काष्ठकला, माटोका भाडा, स्थानीय घरेलु उत्पादन, सूचना तथा विज्ञान प्रविधिको प्रदर्शनी, प्रविधिसम्बन्धी गतिविधि, अटो मोबाइल प्रदर्शनी, विद्युतीय मेसिन कृषि औजार प्रदर्शनी, मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको प्रदर्शनी, व्यापार तथा पर्यटकीय प्रदर्शनी, लत्ताकपडा तथा भाँडाकुँडाको प्रदर्शनी एवं बिक्रीका लागि राखिएको उनले बताए।

स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन गर्ने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय ब्राण्डका विभिन्न सामान एकै थलोमा सुपथ मूल्यमा उपलब्ध गराउने, भक्तपरको कला, संस्कृति, उत्पादन र सांस्कृतिक परम्परालाई कै थलोमा प्रर्दशन गर्दै प्रचार गर्ने उद्देश्यले नयाँ वर्षको अवसरमा महोत्सवको आयोजना गरेको जानकारी दिए। महोत्सवको संयोजक दीपक थापाले करिब पाँच लाखभन्दा बढीले महोत्सव अवलोकन गर्ने अपेक्षा गरिएको जानकारी दिए। महोत्सवमा बिक्री गरिने सामानहरूमा २० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ। भक्तपुर, काठमाडौं, ललितपुर, काभ्रेदेखि आसपासका जिल्लाका बासिन्दाले समेत यसबाट लाभ लिन सक्ने बताउँदै महोत्सवमा ज्येष्ठ नागरिक, अपांग र पाँच वर्षमुनिका बालबालिकालाई प्रवेश निःशुल्क गरिएको बताए।

महोत्सवमा मुख्य आकर्षणको रूपमा 'लन्डन ब्रिज' देखि दैनिक राष्ट्रियस्तरका चर्चित गायकगायिकाका सांगीतिक प्रस्तुति रहने छ। उत्कृष्ट बाल उद्यान, रोटी पिंग, ड्रागन ट्रेन, नाउ तथा बच्चाको खेलौना, विभिन्न प्रकारका खाना महोत्सव रहनेछ। दैनिक रूपमा राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरूको गीत, संगीतसहितको सांगीतिक प्रस्तुति, हाँस्य व्यंग्य फेसन शो, नृत्य प्रतियोगिताले महोत्सवलाई थप आकर्षण बनाउने अध्यक्ष महत बताउँछन्। महोत्सव वैशाख ६ गते सम्पन्न हुनेछ।

# 'टेलिकम प्याकेज' सकिएपछि पनि सेवा सुविधा आफैंले छनोट गर्न सकिने

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल टेलिकमले जिएसएम प्रिपेड तथा पोस्टपेडका ग्राहकहरूले प्याकेज खरिद गरेर वा नियमित शुल्क भुक्तानी गरी डेटा सुविधा प्रयोग गरिरहेकामा अब प्याकेज खरिद गरेका ग्राहकरुले आफैंले 'पे-जी' सुविधा सक्रिय वा निष्क्रिय गर्नसक्ने व्यवस्था गरेको छ।

प्याकेजमा आधारित विभिन्न सुविधा लिएका ग्राहकले प्याकेज समाप्ति पछि पनि सेवा निरन्तरता हुने वा सेवा बन्द हुने भन्नेसम्बन्धी छनोट गर्ने अवस्थालाई 'पे-जी' सुविधा भनिन्छ। अबदेखि ग्राहकले आफ्नो चाहनाअनुसार सो सुविधा सक्रिय वा निष्क्रिय पार्न सक्ने टेलिकमले जनाएको छ।

यसका लागि ग्राहकले आफ्नो मोबाइलबाट ८४४४३ डायल गर्नुपर्नेछ। त्यसपछि ४ अंक छनोट गरे पछि यो सुविधा सक्रिय, निष्क्रिय गर्न र यसको अवस्था थाहा पाउन क्रमशः १, २ र ३ डायल गर्नुपर्नेछ। प्याकेज खरिद गरेका ग्राहकले 'पे-जी' सुविधा निष्क्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि मुख्य ब्यालेन्सबाट डेटा चल्ने छैन। पे-जी सुविधा सक्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि पनि डेटा सेवा निरन्तर चल्नेछ। प्याकेज नलिई डेटा चलाउन आवश्यक भएका ग्राहकहरूले भने यो सुविधा सधैं सक्रिय राख्नुपर्नेछ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सुधारात्मक कार्ययोजनाको बुँदा नम्बर ४ मा समेत सो सुविधा 'निष्क्रिय गर्ने विकल्प दिइने' भन्ने उल्लेख छ। मन्त्रालयको निर्देशनअनुसार पनि कम्पनीले उक्त सुविधा निष्क्रिय गर्ने विकल्प उपलब्ध गराइएको टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरले जानकारी दिए।

आगामी दिनमा नेपाल टेलिकम 'एप'बाट यो सेवा सक्रिया वा निष्क्रिय गर्न सकिने विकल्प क्रमशः उपलब्ध हुने कम्पनीले जनाएको छ। प्रिपेड तथा पोष्टपेड ग्राहकले 'डेटा प्याकेज' लिएको अवस्थामा अब ९० प्रतिशत खपत भएपश्चात् एसएमएसबाट जानकारी पाउनेछन्। यसअघि 'डेटा भोल्युम' ८० प्रतिशत खपत भएको अवस्थामा, डेटा भोल्युम समाप्त भएपश्चात् वा डेटा प्याकेजको समयावधि समाप्त भएपश्चात् ग्राहकहरूलाई जानकारी दिन एसएमएस पठाउने सुविधा थियो।

यसअघि डेटा प्याकेजको भोल्युम वा समयावधि समाप्त भएपश्चात् ग्राहकहरूले डेटा सेवाको प्रयोग निरन्तर राखेमा 'मेन ब्यालेन्स'बाट डेटा चल्ने र चलेको भोल्युमअनुसार शुल्क काटिने व्यवस्था थियो। टेलिकमले प्रिपेड तथा पोस्टपेड ग्राहकको मागबमोजिम विभिन्न प्रकारका डेटा प्याकेज उपलब्ध गराउँदै आएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ